का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ असार २०७९,
मंगलबार
21 June 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुहोस्

वर्ष २०, अंक १३६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

मन्त्रिपरिषद्को निर्णय

# एसपीपीमा नेपाल सहभागी नहुने

विवादित बनेपछि अमेरिकी स्टेट पाटनरसीप प्रोग्राम (एसपीपी) मा भाग नलिने सरकारले निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले एसपीपीमा सहभागी हुन नसक्ने पत्र अमेरिकालाई पठाउने निर्णय गरेको हो ।




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ असार ।

नेपाल अमेरिकी सेनाको स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) मा सहभागी नहुने भएको छ । सोमबार बसेको मन्त्रिपरिषदको बैठकले एसपीपीमा सहभागी नहुने भनी अमेरिकालाई जानकारी गराउने निर्णय गरेको हो ।

मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार उक्त सम्झौतामा सहभागी नहुन नेपाली सेना मार्फत अमेरिकालाई पत्र पठाइनेछ । यो निर्णयसँगै अब एसपीपी फिर्ता लिन औपचारिक प्रक्रिया सुरु हुनेछ ।

यसअघि सत्ता पक्ष र प्रतिपक्ष दुवैले एसपीपी सम्झौता कार्यान्वयन गर्न नसक्ने बताउँदै आएका थिए । सो सम्झौता फिर्ता लिन संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले समेत निर्देशनद दिएको थियो । संसद र सडकबाट समेत एक स्वरमा एसपीपी अस्वीकार गर्नुपर्ने आवाज उठेपछि मन्त्रिपरिषदको बैठकले एसपीपीमा सहभागी नहुने निर्णय लिएको हो ।

एसपीपीमा सहभागी हुन नेपाली सेनाले सन् २०१५ र सन् २०१७ मा अमेरिकी दूतावासमा पत्र लेखेको थियो । नेपाली सेनाको अनुरोधमा सन् २०१९ मा स्वीकार गरिएको अमेरिकी दूतावासले जनाएको थियो । तर, २०१५ मा एसपीपीमा सहभागी हुन पत्राचार गर्दा र सन २०१९ मा स्वीकार गर्दाको अवस्था फेरिएको भन्दै राजनीतिक दलहरुले पनि विरोध गरेका थिए । स्वीकार गर्दा उक्त कार्यक्रम अमेरिकाको सैन्य रणानीति अन्तर्गतको भएको हुनाले नेपाल सहभागी हुन नहुने आवाज उठेपछि तत्कालिन सरकारले होल्ड गरेर राखेको थियो । वर्तमान सरकारले सहभागी नहुने औपचारिक निर्णय लिएको हो ।

एसपीपीमा नेपालले नै सहभामगिताका लायगि पत्र पठाएको तथ्य बाहिर आएपछि राजनीतिक दलहरु आरोप प्रत्यारोपमा उत्रिएका थिए । एसपिपीमा नेपालको आवद्धता कुन दलको पालामा शुरु भएको भनी पोल खोलाखोल सुरु भएको थियो । तर, सबै एसपीपीमा संलग्न हुन नेपालले पहिलो पटक पत्राचार गरेको २०१५ को विश्व राजनीतिक

– बाँकी पृष्ठ २ मा

# मूल्यबृद्धिको चर्को आलोचना

सरकारले इन्धनको मूल्यमा भारी बृद्धि गरेपछि संसद, सडक र सामाजिक सञ्जाल मार्फत् चर्को आलोचना भइरहेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ असार ।

सरकारले इन्धनको मूल्यमा वृद्धि गरेपछि सदनदेखि सडकसम्म यसको विरुद्धमा आवाज उठ्न थालेका छन् । पटकपटक गरेर सरकारले इन्धनमा उच्च मूल्यबृद्धि गरेको भन्दै विरोधको आवाज सुनिन थालेको हो । नेकपा एमालेकी सांसद पद्मा अर्यालले पेट्रोल पम्पमा अघिल्लो दिन पेट्रोल र डिजल भरेर भोलिपल्ट मूल्यवृद्धि गर्ने गरिएको भन्दै आपत्ति जनाएकी छिन् ।

'यति ठूलो महंगी सायद इतिहासमा पहिलो पटक भएको छ । जनताको ढाड सेकेर असुली गरेको पैसा कहाँ गएको छ ?' उनले प्रश्न गरिन्, 'माननीय मन्त्रीज्यूहरुको संलग्नता भएको छैन भने किन मौन बस्नुभएको छ, किन मुकदर्शक बन्नुभएको छ ?' जेठमा पेट्रोलियम पदार्थको मूल्यबृद्धि गर्दा पनि स्टक क्लियर नगरी मूल्यवृद्धि गरी २२ करोड घोटाला भएको अर्यालको भनाई थियो ।




मूल्यबृद्धि फिर्ता लिन अनेरास्ववियुले सोमबार भृकुटीमण्डपमा निकालेको प्रदर्शन । तस्वीरः अनलाइनखबर

अर्यालको आपत्तिप्रति चासो देखाउँदै सभामुख अग्निप्रसाद सापकोटाले प्रमुख विपक्षी नेकपा एमालेले पेट्रोलियम पदार्थको मूल्यवृद्धिबारे सरकारसँग मागेको जवाफ दिने रुलिङ गरेका थिए । सोही क्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडूले सरकार पेट्रोलियम पदार्थको मूल्य बढाउनुपर्ने बाध्यात्मक अवस्थामा रहेको बताएका छन् ।

उनले पेट्रोलियम पदार्थ नेपालको उत्पादन नभएकाले विदेशबाट महँगोमा खरिद गर्नुपरेको र सस्तोमा बेच्नसक्ने अवस्थामा सरकार नरहेको बताए । 'पेट्रोलियम पदार्थ हाम्रो उत्पादन होइन । बाहिरको बजारमा जे रेट छ त्यसैमा किनेर ल्याउने हो । किनेर ल्याएका रेटमा बेच्न सक्दैनौं । अझै पनि पेट्रोलमा ३१ रुपैयाँ घाटा भइरहेको अवस्था हो' मन्त्री बडुले भने, 'अहिले प्रत्येक महिना ९ अर्ब ६३ करोड रुपैयाँ

– बाँकी पृष्ठ २ मा

# चुनाव घोषणा नहुँदै उम्मेद्वारीको लहर

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ असार ।

टेलिभिजन प्रस्तोता रवी लामिछानेले जागिरबाट राजीनामा दिएर चुनाव लड्ने तयारी गरेका छन् । आज राष्ट्रिय सभा गृहबाट आगामी राजनीतिक यात्राबारे जानकारी दिने तयारी गरेका छन् । उनी निकट स्रोतका अनुसार, लामिछानेले चुनावमा उम्मेद्वारी दिने पक्का भएपनि मोडालिटीबारे भने निश्चित भइसकेको छैन ।

स्वतन्त्र उम्मेद्वारी दिनेबारे चर्चा चलेपनि लामिछानेले पार्टी नै गठन गर्ने तयारी पनि गरिरहेका छन् । तर कसरी जाने भने आजै घोषणा हुने ती स्रोतले जनायो । लामिछानेले राजनीतिमा होमिनकै लागि टेलिभिजन छोडेका थिए ।

लामिछानेकै दाजुले पनि स्वतन्त्र उम्मेद्वारहरुको सूची तयार पारेका छन् । उनका दाजु हरिशरणले रेडियो नेपालको जागिरबाट राजीनामा दिएर स्वतन्त्र उम्मेद्वारी दिने तयारी गरेका छन् । उनी काठमाडौं-३ बाट प्रतिनिधिसभा सदस्यको उम्मेद्वार बन्ने सम्भावना रहेको जनाइएको छ ।

काठमाडौंका अन्य क्षेत्रबाट पनि स्वतन्त्र उम्मेद्वारी दिने तयारी भएको छ । काठमाडौं-१ बट पुकार बम, काठमाडौं-५ बाट रञ्जु दर्शना र काठमाडौं-८ बाट सुमन सायमीले उम्मेद्वारी दिने तयारी गरेका छन् । बम बागमति प्रदेशसभा सदस्य हुन् । दर्शनाले २०७४ को स्थानीय चुनावमा काठमाडौं महानगरको मेयरमा प्रतिश्पर्धा गरेकी थिइन् ।

संघ र प्रदेशसभाको चुनाव कहिले हुने भन्ने सरकारले निर्णय गर्न बाँकी छ । तर स्वतन्त्र उम्मेद्वारी दिनेको भने लहर देखिएको छ ।

तर दर्शनाले जित्न सकिनन् । यसपटक भने स्वतन्त्र उम्मेद्वार बनेर बालेन्द्र शाह मेयर बनेका छन् । नेकपा एमाले र सत्ता गठबन्धनका बलिया उम्मेद्वारलाई पराजित गर्दै शाह मेयर निर्वाचित भएका हुन् । उनी सहित देशका अन्य प्रमुख शहरमा पनि स्वतन्त्र उम्मेद्वारले मेयर जितेपछि आगामी प्रदेश तथा प्रतिनिधिसभा चुनावमा पनि त्यसको प्रभाव पर्ने देखिएको छ ।

काठमाडौं महानगरमा शाह, धरान उपमहानगर पालिकामा हर्क साम्पाङ, धनगढी उपमहानगर पालिकामा गोपाल हमाल लगायतले चुनाव जिते । स्थानीय चुनावमा प्रमुख शहरमै स्वतन्त्र उम्मेद्वारले चुनाव जितेपछि अघिल्लो पटक वैकल्पिक शक्तिको नारा सहित चुनावमा भाग लिएकाहरुले पनि यसपटक स्वतन्त्र उम्मेद्वारी दिने तयारी गरेका छन् ।

काठमाडौं-५ बाट चुनाव लड्ने तयारीमा रहेकी दर्शना अघिल्लो पटक विवेकशील पार्टीबाट उम्मेद्वार बनेकी थिइन् । काठमाडौं-८ बाट

– बाँकी पृष्ठ २ मा

# आलोचना छल्न प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिवर्तन

**काठमाडौं/रासस–** प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत विनियोजित बजेटको दुरुपयोग भएको भन्दै आलोचना हुन थालेपछि सरकारले सो कार्यक्रम ढाँचा परिमार्जन गरेर कार्यान्वयन गर्न थालेको छ । आर्थिक वर्ष २०७५/०७६ देखि कार्यान्वयनमा ल्याइएको उक्त कार्यक्रमको बजेट अन्य काममा दुरुपयोग गरिएको भनी चर्को आलोचना भएको थियो । सरकारले भने नागरिकको सामाजिक संरक्षण गर्ने राज्यको दायित्वका रुपमा रोजगार कार्यक्रम ल्याइएकाले अन्य कार्यक्रमसँग तुलना गरेर आलोचना नगर्न आग्रह गर्दै आएको थियो ।

सरोकारवालाको आलोचनाका बीच सरकारले उक्त कार्यक्रमको ढाँचा परिमार्जन गर्दै लगेको छ । पछिल्ला वर्ष स्थानीय आवश्यकताका आयोजना पहिचान गरी सो आयोजनामार्फत रोजगारी सिर्जना गरिँदै आइएको छ । जसका कारण कार्यक्रममाथि हुने आलोचना हट्दै गएको छ भने लाभग्राहीले राज्यको अनुभूति गर्न थालेका छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रमका कार्यक्रम निर्देशक डण्डुराज घिमिरे स्थानीय आवश्यकता सम्बोधन गर्न तत्कालका लागि सामान्य प्रकृतिका परियोजना सञ्चालन गरिँदा आलोचना भएको स्वीकार गर्छन् ।

आगामी आर्थिक वर्षदेखि तीनै तहका सरकारको संरचनात्मक र आर्थिक सहभागितामा कार्यक्रम कार्यान्वयन गर्ने तयारी गरिएको उनको भनाइ छ । 'सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई विभिन्न परियोजनामा केन्द्रित गर्ने तयारी गरेको छ,' उनले भने, 'कृषिलाई पहिलो प्राथमिकता दिएका छौं ।'

श्रम मन्त्रालयका सचिव एकनारायण अर्याल बेरोजगारलाई न्यूनतम रोजगारी प्रदान गर्ने राज्यको कर्तव्यअन्तर्गत कार्यक्रम ल्याइएको जिकिर गर्दै कार्यक्रमलाई परिणामुखी बनाउन थप गृहकार्य गर्नुपर्ने देखिएको र मन्त्रालयले त्यसको आवश्यकता बोध गरेको बताउँछन् । 'प्रधानमन्त्री रोजगार कार्यक्रमलाई वैदेशिक रोजगारी र आन्तरिक रोजगारीका अन्य अवयवसँग जोडेर हेर्न हुँदैन,' उनले भने ।

सामाजिक संरक्षणमूलक कार्यक्रमको आयोजना सञ्चालनमा शतप्रतिशत ज्यालामा मात्र बजेट व्यवस्था हुँदा उचित तालमेल भएको भन्दै मन्त्रालयले आयोजनाको कूल लागतमध्ये कम्तीमा ७० प्रतिशत ज्याला र ३० प्रतिशत निर्माण सामग्री वा अन्यमा खर्चको व्यवस्था गर्नुपर्ने प्रस्ताव गरेको छ । आगामी आवबाट स्थानीय तहले योजना तर्जुमा प्रक्रियामा 'म्याचिङ फण्ड' का लागि बजेट छुट्याउन सक्नेगरी मात्र यो नीति

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## अजरवैजानको नाममा आधा करोड ठग्ने दुईविरुद्ध मुद्दा दायर

काठमाडौं/मस- चार जनालाई अजरबैजान पठाइदिने प्रलोभन दिएर करिब ५० लाख रुपैयाँ ठगी गरेको आरोपमा दुई जनाविरुद्ध वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार न्यायाधिकरणमा ठगी मुद्दा दायर गरेको छ ।

विभागले रोल्पाका कुलबहादुर घर्ती र सल्यानका सुमन शेर्पालीले रोजगारीका लागि अजरबैजान पठाइदिने भन्दै रोल्पाका तेजबहादुर वली र बिमलराज डाँगी तथा दाङका रत्न बाठामगर र सल्यानका

– बाँकी पृष्ठ २ मा

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको**
**सूचना ! सूचना !! सूचना !!!**

आदरणीय वैदेशिक रोजगार व्यवसायीज्यूहरु वैदेशिक रोजगारीका लागि मलेसिया जाने कामदारहरुको स्वास्थ्य परीक्षण सम्बन्धमा सार्वजनिक भएका विषयहरुमा यस **नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको** पुनः गम्भीर ध्यानाकर्षण भएको छ । र, वैदेशिक रोजगार व्यवसायीहरुले वार्षिक १०० जना कामदार पठाउनु पर्ने बाध्यकारी व्यवस्थाले गर्दा यो वर्ष १०० जना कामदार नपठाएको वा नपुगेका वैदेशिक रोजगार व्यवसायीज्यूहरुले आफ्नो कम्पनीको नाम, सञ्चालकको नाम, मोबाइल नम्बरसहितको विवरण २ दिन भित्रमा लोकतान्त्रिक एशोसिएसनको इमेल **ndfeefforum@gmail.com** र **Whatsapp** नम्बर **9745945818** मा उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछौं ।

**कुमुद खनाल**
अध्यक्ष

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८ । ईमेलः ndfeefforum@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
७ असार २०७९, मंगलबार
21 June 2022, Tuesday

# क्रसर उद्योगको मापदण्ड संशोधन गर्ने सरकारको निर्णयविरुद्ध सर्वोच्चमा रिट

**काठमाडौं/मस-** क्रसर उद्योगको मापदण्ड संशोधन गर्ने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वन तथा वातावरण मन्त्रालय, खानी तथा भूर्गभ विभाग लगायतलाई विपक्षी बनाई अधिवक्ता पदमबहादुर श्रेष्ठ, राजु फुयाँल र राकेशकुमार साहले रिट निवेदन दायर गरेका हुन्।



'ढुङ्गा, गिटी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७ को दफा ४ (१०) मा साविकमा भएको घनाबस्ती र वन क्षेत्रको दुई किलोमिटर राजमार्गको ५०० मिटर दूरीभित्र नदी भन्ने वाक्यांश हटाइएको छ', रिट निवेदनमा भनिएको छ, 'सो ऐनको दफा ११ (१) मा भएको मापदण्ड नेपाल सरकार मन्त्रिपरिषद्को बैठकको गत जेठ ६ गतेको निर्णयले मापदण्डलाई संशोधन गर्नेगरी निर्णय उत्प्रेषणको आदेश बदर गरी पाउँ।'

अदालतले उक्त विवादको सुनुवाइका लागि असार ८ गते बुधबार पेसी तोकिएको छ।

रिट निवेदनमा उक्त कार्यका लागि सरकारको निर्णयभन्दाअघिको प्रस्ताव पेश गर्ने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको गत वैशाख १३ र २२ गतेको निर्णय र पत्राचार भएको भए उत्प्रेषणको आदेशले बदर गर्न मागसमेत गरिएको छ।

ढुङ्गा, गिटी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को दफा ४ (१०) मा साविकमा भएको घनाबस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको ५०० मिटर दूरीभित्र नदी भन्ने वाक्यांश हटाइएको हुँदा संशोधन भएको मापदण्ड तत्काल खारेज गरी साविकको मापदण्ड कायम गर्नु भन्ने परमादेश जारी गर्न माग रिट निवेदनमा गरिएको छ।

# हवाई भाडा बढ्यो



**काठमाडौं/मस-** नेपाल वायु सेवा सञ्चालक सङ्घले आन्तरिक हवाई सेवाको भाडा वृद्धि गरेको छ। पेट्रोलियम पदार्थको मूल्य वृद्धिसँगै सङ्घले आगामी बुधबारदेखि लागू हुनेगरी हवाई भाडा बढाएको हो।

सङ्घले सोमबार एक सूचना जारी गर्दै आन्तरिक हवाई उडानको फ्यूल चार्ज न्यूनतम १७० रुपैयाँदेखि अधिकतम ८४० रुपैयाँसम्मले वृद्धि गरिएको जनाएको छ। नयाँ मूल्यअनुसार अब सबैभन्दा बढी काठमाडौं-धनगढी रुटमा ८४० रुपैयाँले भाडा बढ्नेछ। बढेको भाडाअनुसार यो रुटमा हवाई यात्रुले अधिकतम रु १६ हजार ८०५ तिर्नुपर्नेछ। सबैभन्दा कम काठमाडौं-सिमरामा रु ७० ले भाडा बढेर जम्मा रु ४ हजार १९५ पुगेको छ।

नेपाल आयाल निगमले पेट्रोलियम पदार्थ पेट्रोल, डिजेल र मट्टितेलसँगै हवाई इन्धनको मूल्य प्रतिलिटर १९ रुपैयाँले बढाएको थियो।

### गाडीभाडा पनि बढ्यो

पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै सरकारले सार्वजनिक सवारी साधनको भाडा पनि बढाएको छ। यातायात व्यवस्था विभागले अधिकतम ७.७ प्रतिशतसम्म भाडा बढाएको छ। अन्तरप्रदेश सार्वजनिक यात्रुबाहक सवारी साधनमा ५.३० प्रतिशतले भाडा बढेको विभागले जनाएको छ।

त्यस्तै पहाडी बाटोमा चल्ने मालबाहक सवारी साधनमा ६.९४ तथा तराईमा चल्ने मालबाहक सवारीसाधनमा ७.७ प्रतिशत भाडा बढेको हो। स्थानीय रुटमा सञ्चालन हुने यातायातको भाडा भने यथावत रहनेछ। आयल निगमले सोमबारदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर २१ रुपैयाँ तथा डिजेल र मट्टितेलमा २७ रुपैयाँ बढाएको थियो।

# विपद्बाट प्रभावितलाई राहत वितरण गरिँदै

**सुदूरपश्चिम/मस-** गत असोज कात्तिक महिनामा भएको वर्षापछि उत्पन्न प्राकृतिक विपद्बाट कैलाली जिल्लाको धानबालीमा पुगेको क्षतिबाट प्रभावित किसानलाई राहत वितरण गर्न थालिएको छ।

बालीमा क्षति पुगेर प्रभावित भएका किसानलाई जिल्ला विपद् व्यवस्थापन समितिले गरेको निर्णय र तोकिएको मापदण्डअनुसार राहत रकम उपलब्ध गराउन लागिएको हो। जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार एक कट्ठादेखि १० कट्ठासम्म जग्गा भएका प्रभावित साना किसानलाई प्रतिकट्ठा रु ३२५ का दरले राहत रकम उपलब्ध गराउन लागिएको छ। दस कट्ठादेखि ६० कट्ठा (तीन बिघा) भएका प्रभावित मझौला किसानलाई प्रतिकट्ठा रु १२५ र तीन बिघाभन्दा माथि जग्गा भएका प्रभावित ठूला किसानलाई प्रति कट्ठा रु ७५ का दरले राहत रकम वितरण गर्न लागिएको छ।

प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष किरण थापाले बालीमा क्षति पुगेर प्रभावित भएका किसानको नाममा बैंक रहेको खातामा राहत रकम जम्मा गर्ने व्यवस्था गरिएको जानकारी दिए। उनले भने, 'नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार प्रभावित किसानलाई राहत वितरण गर्न सम्बन्धित पालिका तहमा रकम पठाइसकिएको छ।'

गोदावरी नगरपालिका कार्यालय कृषि फाँटका प्रमुख नन्दी मल्लले राहत उपलब्ध गराउन रकम पालिकामा आइसकेकोले आगामी केही दिनभित्रमा प्रभावित किसानको खातामा रकम पठाउन लागिएको जानकारी दिए। बाली नालीमा भएको क्षति बढीमा रु ५५ हजारसम्म मात्र राहत रकम वितरण गर्न पाइने मापदण्ड सरकारले बनाएको जनाइएको छ। राहत रकम उपलब्ध गराउन नेपाल सरकारले कैलालीका लागि पहिलो चरणमा रु सात करोड र दोस्रो चरणमा रु १४ करोड ९७ लाख रकम पठाएको जनाइएको छ।

जिल्लाका ठूलो संख्याका प्रभावितलाई राहत उपलब्ध गराउन पहिलो चरणमा पठाइएको रकम कम हुने देखिएपछि जिल्ला प्रशासन कार्यालयको पहलमा गृह मन्त्रालयले दोस्रो चरणमा थप रकम निकासा गरी पठाएको हो।

# खोलाले बगाउँदा दुई भारतीय किशोर बेपत्ता

**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, ६ असार

कपिलवस्तुमा खोलाले बगाउँदा दुई जना किशोर बेपत्ता भएका छन्। जिल्लाको शिवराज नगरपालिका वडा नं १ मा रहेको पहिरा खोलाले बगाउँदा उनीहरु बेपत्ता बनेका हुन्। प्युठानको स्वर्गद्वारी दर्शन गरे फर्केको लु २ ख २७१६ नम्बरको फोर्स गाडीबाट झरेर खोला तर्ने क्रममा उनीहरुलाई खोलाले बगाएको थियो।



भारतको बलरामपुर जिल्ला बस्ने १७ वर्षका निखिल कौशाल, १८ वर्षका सुरज सोनीलाई खालाले बगाएको वडा प्रहरी कार्यालय चन्द्रौटाका प्रहरी निरीक्षक कपिलजंग शाहीले बताए। बेपत्ता भएका भारतीय किशोरहरुको खोजीकार्य भइरहेको रहेको प्रहरी निरीक्षक शाहीले जानकारी दिए।

# १९७ पानीको जारसहित २ जना पक्राउ



**काठमाडौं/मस-** अनधिकृत रुपमा विभिन्न कम्पनीको ट्रेड मार्क प्रयोग गरेर पानीको जार बेचेको आरोपमा दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सर्लाहीका आशिष कार्की र चितवनका किरण श्रेष्ठ रहेका छन्।

प्रहरी परिसर, काठमाडौंले अन्य कम्पनीको ट्रेड मार्क प्रयोग गरी कम गुणस्तरको पानी बिक्री गरेको आरोपमा उनीहरुलाई पक्राउ गरेको हो। उनीहरुको साथबाट १९७ वटा पानीको जार बरामद गरिएको काठमाडौं प्रहरीका एसपी दिनेशराज मैनालीले जानकारी दिए। अन्य कम्पनीको ट्रेडमार्क भएको पानीको जार बिक्री गर्न प्रयोग गरिएका दुई वटा गाडीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ।

पक्राउ परेका व्यक्ति र जारलाई वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, बबरमहल पठाएको एसपी मैनालीले बताए। थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# शैक्षिक प्रमाणपत्र नक्कली बनाएको आरोपमा ३ जना पक्राउ



**काठमाडौं/मस-** नक्कली शैक्षिक प्रमाणपत्र बनाएको आरोपमा ३ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा काभ्रेको पनौती नगरपालिकाका ३७ वर्षीय राज कुमार हुमागाईं, गोरखाको बारपाक सुलिकोट गाउँपालिका घर भएका ३७ वर्षीय बिकाश अमगाईं र भिमसेनथापा गाउँपालिका घर भएका ४० वर्षीय मोहन पुडासैनी छन्। उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार उनीहरुले आफ्नै शैक्षिक प्रमाणपत्र किर्ते गरेर पेश गर्ने गरेका थिए। आरोपीहरुलाई लिखत सम्बन्धी कसुरमा थप अनुसन्धान गर्न उपत्यका अपराध अनुसन्धान कार्यालयले प्रहरी परिसर काठमाडौंमा पठाएको प्रहरीले जनाएको छ।

# फरार अभियुक्त पक्राउ



**काठमाडौं/मस-** बैंकिङ कसूर मुद्दाका फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा चितवनको खैरहनी नगरपालिका-४ बस्ने ३५ वर्षीय धनबहादुर तामाङ रहेका प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)ले जनाएको छ।

उनलाई उच्च अदालत पाटनले बैंकिङ कसूरमा दोषी ठहर गर्दै ६ दिन कैद सजाय र १३ लाख रुपैयाँ जरिबाना गर्ने फैसला सुनाएको थियो। तामाङले आफ्नो बैंक खातामा प्रयाप्त रकम नभएको जानी-जानी एभरेष्ठ बैंकको चेक काटेर पीडितलाई झुक्याएको उजुरी परेपछि प्रहरीले अनुसन्धान शुरु गरेर मुद्दा चलाइएको थियो।

लुकिछपी चितवनमा बसिरहेको अवस्थामा पक्राउ परेका तामाङलाई फैसला कार्यान्वयनाका लागि चितवन जिल्ला अदालतमा पेश गरिएको सीआईबीले जनाएको छ।

### एसपीपीमा...

र विश्व राजनीतिकमा देखा परेका अलायन्स र अमेरिकी रणनीति फेरिएको यथार्थ केलाएर पनि नागरिकहरुलाई कन्भिन्स गराउने प्रयास गरेका थिए।

नेताहरु एसपीपी आफुहरुले रोकेको जस लिनतिर केन्द्रीत भएका थिए। पूर्व परराष्ट्रमन्त्री समेत रहेका एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले पनि २०१९ मा एसपीपी अगाडि बढाउन अमेरिकाबाट नेपालको आग्रह स्वीकार भएको भनी पत्र आएपछि आफुहरुले कार्यान्वयन नगरेर होल्ड गराएको दाबी गर्छन। उनका अनुसार त्यसबेला एसपीपी कार्यान्वयन गर्ने/नगर्ने सन्दर्भमा कार्यदल बनाएर त्यसले सुझाव दिएपछि निर्णय गर्ने भनेर तत्कालिन ओली नेतृत्वको सरकारले एमसीसी होल्ड गराएको थियो।

हिजोसम्म एसपीपीमा सरकार र सत्तारुढ दलहरुलाई आरोपित गरेर राष्ट्रियताका सन्दर्भमा ख्याल गरेको भनी जनमत आफ्नो पक्षमा पार्ने प्रयास गरिरहेको एमालेले भोलिपल्टै आफुहरुले होल्ड गरेको भनी जस लिन खोजेको सरकार र सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसलाई मन परेन्। जुन स्वमं परराष्ट्रमन्त्री डा.नारायण खड्काले शुक्रबार अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा व्यक्त गरे।

सन २०१९ मा रोकेर राखेको भनी जस लिन खोजेपछि कांग्रेसले एमाले नेताहरुमाथि प्रश्नको बर्षा गरेका थिए, 'सन् २०१९ मा किन होल्डमा किन राखेको ? त्यतिबेला खारेज किन नगरेको ?'

सन् २०१९ मा मा एसपीपी इन्डोप्यासिफिक सैन्य गठबन्धनमा जोडिएको प्रष्ट भैसकेको अवस्थामा तत्कालिन एमाले नेतृत्वको सरकारले अमेरिकालाई एसपीपी खारेज गर्न भनेर पत्र किन नपठाएको भन्ने प्रश्न गरेका थिए। बुधबार नेपाल सरकारले आधिकारिक रुपमा एसपीपीमा सहभागी नहुने निर्णय लिएपछि यसमाथिको बहस सकिएको छ।

बक्स

प्रधानमन्त्री शेरबहादुर देउवाको अमेरिका भ्रमणको योजना पनि रद्द भएको छ।

प्रदेश र संघीय चुनाव अगाडि अमेरिकाको भ्रमण गर्न लागेको भनी कतिपयले प्रश्न उठाइरहेका बेला सोमबार बसेको मन्त्रिपरिषदको बैठकले प्रधानमन्त्री देउवाको अमेरिका भ्रमण योजना रद्द गर्ने निर्णय गरेको हो।

### मूल्यबृद्धिको ....

घाटा रहेको छ। पेट्रोलियम पदार्थ खरिद गरे बापत भारतलाई २२ अर्ब रुपैया तिर्नुपर्ने अवस्था छ। यो महिनाभित्र तिर्नुपर्छ। सरकार मूल्यवृद्धि गर्नुपर्ने बाध्यात्मक अवस्थामा छ।' मन्त्री बडूले अन्तर्राष्ट्रिय बजारमा नै पेट्रोलियम पदार्थको मूल्य बढेकाले नेपालमा पनि बढाउनुपर्ने बाध्यता रहेको स्पष्टीकरण दिए।

मन्त्री बडूले इन्धनमा लिँदै आएको प्रतिलिटर १० रुपैयाँ पूर्वाधार विकास कर घटाएर मूल्य कम गरेको बताएका छन्। उनले कर घटाएर सस्तोमा पेट्रोलियम पदार्थ दिने प्रयास गरे पनि तत्काल प्रतिलिटर १० रुपैयाँ भन्दा कर घटाउन सक्ने अवस्था नरहेको बताएका छन्। इन्धनको मूल्य बृद्धिसँगै गाडीभाडा पनि बढेको छ। पटकपटक बढेको तेलको मूल्यले जनतामा थप निराशा पैदा भएको भन्दै आलोचना बढेको छ।

### चुनाव...

चुनाव लड्ने तयारी गरेका सुमन सायमीले पनि ३० वैशाखमा सम्पन्न स्थानीय चुनावमा काठमाडौं महानगरकै मेयर पदका प्रतिश्पर्धी थिए। शाहले चुनाव जित्दा सुमनले भने १३ हजार बढी मत ल्याए।

### आलोचना...

परिमार्जन गर्न सकिने कार्यक्रम निदेशक घिमिरेको भनाइ छ।

सरकारले आगामी आवको बजेट वक्तव्यमार्फत प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिमार्जन गरिने घोषणा गरेको छ। स्थानीय तहको सहकार्यमा खेतीयोग्य बाँझो जमिन पहिचान गरी रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारलाई यस कार्यक्रममार्फत कृषि र उत्पादनमूलक क्षेत्रमा रोजगारी प्रदान गरिने उल्लेख छ। आगामी आवका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रु सात अर्ब पाँच करोड विनियोजन गरिएको छ।

कार्यक्रम कार्यान्वयनमा आएको पछिल्लो तीन आर्थिक वर्षमा करिब पाँच लाख बेरोजगारले न्यूनतम् रोजगारी प्राप्त गरेका छन्। सरकारले प्रत्येक वर्ष दुई लाखलाई न्यूनतम् रोजगारी प्रदान गर्ने लक्ष्य लिएको छ। आव २०७५/०७६ मा एक लाख ७२ हजार २७०, आव २०७६/०७७ मा एक लाख पाँच हजार ६२६ र आव २०७७/०७८ मा एक लाख ८१ हजार ९१ जनाले न्यूनतम् रोजगारी प्राप्त गरेका छन्।

चालु आवको जेठसम्म एक लाख २३ हजार ९९३ जनाले रोजगारी प्राप्त गरेका श्रम मन्त्रालयले जनाएको छ। प्रत्येक आवमा न्यूनतम् १०० दिनको रोजगारी दिने कार्यक्रमको लक्ष्य छ। सूचीकृत बेरोजगारले आव २०७५/०७६ मा १३, आव २०७६/०७७ मा १६, आव २०७७/०७८ मा ७६ र आव २०७९०८० मा ७२ दिन औसत रोजगारी प्राप्त गरेका छन्। चालु आवमा तीन लाख ७० हजार २५९ पुरुष, तीन लाख ३७ हजार ७३३ महिला र १३७ अन्य गरी सात लाख आठ हजार २७९ बेरोजगार सूचीकृत भएका छन्।

### आलोचना...

छवी वलीलाई ठगी गरेको जनाएको छ।

विभागका सूचना अधिकारी कृष्णप्रसाद भुसालका अनुसार चार जनाबाट उनीहरूले ३१ लाख २६ हजार रुपैयाँ लिएर डाँगीलाई अजरबैजानसम्म पुऱ्याएको र बाँकी तीन जनालाई भारतमा लगेर अलपत्र पारेका थिए।

वैदेशिक रोजगार ऐनले इजाजत बिना व्यक्तिलाई वैदेशिक रोजगारमा पठाउन प्रतिबन्ध लगाएको छ। विभागले प्रतिवादी बनाएका दुबै जनाविरुद्ध बिगो रकम र त्यसको ५० प्रतिशतले हुन आउने हर्जाना रकमसमेत गरी ४७ लाख ६९ हजार ५ सय रुपैयाँ बिगो दाबीसहित न्यायाधिकरणमा मुद्दा दायर गरेको जनाएको छ। विभागले केही समययता वैदेशिक रोजगार न्यायाधिकरणमा ठगी मुद्दा दर्ता गराउने क्रमलाई तिव्रता दिएको छ।

# थप तीन जनामा हैजाको संक्रमण



**काठमाडौं/मस-** काठमाडौंका थप तीन जनामा हैजाको लक्षण देखिएको छ। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको आईसीयूमा भर्ना भएका उनीहरूको एन्टिजेन परीक्षण गर्दा पोजिटिभ आएको अस्पतालका प्रवक्ता नवराज गौतमले जानकारी दिए। एन्टिजेन रिपोर्ट पोजिटिभ आएपनि उनीहरूको कल्चरको रिपोर्ट भने आउन बाँकी छ। बिरामीहरू ललितपुरका ५० वर्षीय पुरुष, सिन्धुपाल्चोकका २४ वर्षका पुरुष र कुलेश्वर काठमाडौंका ६५ वर्षीया महिला हुन्। यसअघि टेकु अस्पतालमा बिहीबार भर्ना भएका एकै परिवारका दुई जनामा हैजा संक्रमण पुष्टि भएको थियो। राज( धानीमा हैजाको संक्रमण देखिए( पछि उमालेर मात्रै पानी पिउन र साबुनपानीले पटकपटक हात धोइरहन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आग्रह गरेको छ।

# नेपालको कुरिलो विदेश निर्यात

**चितवन/मस-** नेपालमा उत्पादित कुरिलो अन्तर्राष्ट्रिय बजारमा समेत पुग्न थालेको छ। भरतपुर महानगरपालिका-२५ निवासी सुमन सुवेदीले उत्पादन गरेको कुरिलो अहिले दुबई र कतार पुगेको छ। एस पारा प्रालिका सञ्चालक सुवेदीले साताको दुई पटक आफ्नो उत्पादन बिक्रीका लागि विदेशसम्म जाने गरेको बताए। उनले भने, 'यहाँको उत्पादन विदेशसम्म पुग्ने गरेको छ। मेरोमा किन्न आउनेमध्ये एक जना विदेशी ग्राहक छन्। उनले सातामा दुई पटक कुरिलो लाने गरेका छन्।' एक पटकमा ५० किलो कुरिलो विदेश जाने गरेको उनले भनाइ छ। आफूहरुले सिधै कुरिलो विदेश पठाउन भने नपाएको उनको गुनासो छ। विगत छ वर्षदेखि कुरिलो उत्पादन गर्दै आएका सुवेदीले अहिले दैनिक ३० जनालाई रोजगारी दिँदै आएको छ। कुरिलो व्यवसाय दुई बिगाह क्षेत्रफलमा गर्दै आएका सुवेदीले क्षेत्रफल बढाउने तयारीमा



रहेको जानकारी दिए। कुरिलो व्यवसायबाट मात्रै वार्षिक रु २० लाख आम्दानी गर्ने गरेको उनले बताए। वार्षिक १५ हजार किलो कुरिलो बिक्री गर्ने गरेको उनको भनाइ छ।

भरतपुर महानगरमा व्यावसायिकरुपमा कुरिलो खेती आफूले मात्रै गरेको बताउदै उहाँले उत्पादनको समयमा बजार मूल्य नपाउँदा समस्या हुने गरेको बताए। उनले भने, 'कुरिलो उत्पादनका लागि वैशाखदेखि भदौसम्मको समय उत्तम भए पनि सोही समयमा मूल्यमा गिरावट हुने गरेको छ।' बजारमा स्वस्थ प्रतिस्पर्धा नहुँदा समस्या रहेको उनले गुनसो गरे। अहिले बजारमा कुरिलोको मूल्य प्रतिकिलो ३०० रहेको छ। कुरिलो मात्रै नभएर तरकारीमा विचौलिया नियन्त्रण हुनसके राम्रो मुनाफा हुने उनले जानकारी दिए। आफू २५ वर्षको उमेरदेखि कृषि कर्ममा लागेको बताउँदै उनले नेपालमानै काम गरे विदेशको भन्दा राम्रो आम्दानी लिन सकिने बताए। उनले भने, 'कहिले नाफा कहिले घाटा बेहोर्न सक्नुपर्छ। विदेश जानुपर्ने अवस्था आउँदैन।'

उनले १८ बिगाह क्षेत्रफलमा व्यावसायिक तरकारी खेती गर्दै आएको छ। सो जग्गामध्ये दुई बिगाह आफ्नो हो भने अन्य जग्गा भाडामा लिएर व्यावसायिक रुपमा तरकारी खेती गरेको हो। सुवेदीको बारीमा अहिले काँक्रो, फर्सी, घिरौला, चिचिन्डा, बोडी, लौकालगायतका तारकारी उत्पादन भइरहेका छन्। उत्पादित तरकारीको अहिले बजार मूल्य न्यून रहेको उनले बताए। उनले भने 'तरकारीको मूल्यको कुरा गर्नेहो भने लागत मूल्य पनि उठ्न कठिन छ।' बुबाआमाले विसं २०५० देखि गर्दै आएको यो व्यवसाय भएकाले आफूले यसलाई व्यावसायिकरुप दिएको उनको भनाई छ।

कुरिलो र तरकारीलाई व्यावसायिकरुपमा खेती गर्दै गर्दा पनि अहिलेसम्म राज्यका कुनै निकायको यसतर्फ ध्यान जान नसकेको उनको गुनासो छ। उनले भने 'राज्यले कृषिमा दिने अनुदान किसानको हितमा छैन।' शक्तिको आडका आधारमा अनुदान दिइने गरेको जनाउँदै उनले वास्तविक किसानले अहिलेसम्म अनुदान पाउन नसकेको बताए।

# मूल्य वृद्धि फिर्ताको माग



**काठमाडौं/मस–** अनेरास्ववियुले पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि फिर्ता गर्न आग्रह गरेको छ । अनेरास्ववियुका अध्यक्ष सुनिता बरालले आज विज्ञप्ति निकाल्दै पेट्रोलिय पदार्थको मूल्य फिर्ता गर्न आग्रह गर्नुभएको हो ।

सरकारले गए राति १२ बजेदेखि पेट्रोलमा २१ रुपैयाँ तथा डिजेल र मट्टितेलमा २७ रुपैयाँ बढाएर पेट्रोलको मूल्य प्रतिलिटर रु१९९, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर रु १९२ कायम गरेको छ । 'जनताको आधारभूत आवश्यकतासँग प्रत्यक्षरूपमा गाँसिएको पेट्रोलियम पदार्थमा मूल्य वृद्धि गर्दै निगमले आफ्नो कमजोरी लुकाउन निरन्तर घाटामा देखाएर केवल नाफा निकाल्ने उद्देश्य राखी गरिएको मूल्य वृद्धि तत्काल फिर्ता लिन अनेरास्ववियु जोडदार माग गर्दछ', विज्ञप्तिमा भनिएको छ । यसैबीच अनेरास्ववियुले मूल्य वृद्धिको विरोधमा सोमबार साँझ त्रिचन्द्र क्याम्पस अगाडि विरोध प्रर्दशन गरेको छ ।

**विकास निर्माण प्रभावित**

इन्धनमा पछिल्लो पटक गरिएको भारी मूल्य वृद्धिका कारण निर्माण सामग्रीको समेत भाउ बढेर निर्माण उद्योग नै ठप्प हुन लागेकामा दुःख व्यक्त गरिएको छ । देशको समग्र अर्थतन्त्रका सूचक नकारात्मक रहेको विषम अवस्थामा आइतबार पेट्रोलमा एकै पटक प्रतिलिटर रु २१ र डिजेल तथा मट्टितेलमा रु २७ को वृद्धिले रुग्ण अवस्थामा रहेको निर्माण उद्योग थप आक्रान्त भएको नेपाल निर्माण व्यवसायी महासङ्घले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । विगत केही महिनाको आँकडा हेर्ने हो भने इन्धनमा शतप्रतिशत मूल्य वृद्धि भएका कारण मुलुकभर सञ्चालित राष्ट्रिय गौरवका आयोजना एवं अति जरुरीका निर्माण परियोजना पनि बन्द हुने स्थिति उत्पन्न भएको महासङ्घका महासचिव रोशन दाहालले बताए ।

निरन्तर मूल्यवृद्धि भइरहे पनि सरकारले निर्माण व्यवसायीलाई कुनै राहत दिन नसकेबाट समग्र निर्माण उद्योगको विकासप्रति नै सरकारको उदासीनता पुष्टि भएको उनले गुनासो गरे । अप्रत्याशितरूपमा निरन्तर भइरहेको मूल्य वृद्धिका कारण घर, जमिन तथा अन्य जायजेथा धितोमा राखेर निर्माण व्यवसायमा संलग्न देशभरका हजारौं निर्माण व्यवसायी, तिनका परिवार र तिनमा आश्रित लाखौं श्रमिकको बिचल्ली हुने निश्चित भएको भन्दै विज्ञप्तिमा दुःख प्रकट गरिएको छ ।

'यसअघिकै मूल्य वृद्धिका कारण निर्माण उद्योगमा देखिएको विकराल समस्या समाधानका लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम मूल्य समायोजन निर्देशिका जारी गर्ने विषयमा महासङ्घ र सरोकार भएका निकायबीच वार्ता भइरहेको समयमा हठात भएको अप्रत्याशित एवं अत्यधिक मूल्य वृद्धिले महासङ्घ स्तब्ध भएको छ', महासचिव दाहालले भने ।

पेट्रोलियम पदार्थमा लिइने कर कटौती नगरी तथा चुहावटको समस्या समाधान नगरेर केवल अन्तर्राष्ट्रिय मूल्यलाई देखाउँदै एकोहोरोरूपमा निर्माण व्यवसायीसहित तमाम उपभोक्ताको ढाड सेकिने गरी भइरहेको मूल्य वृद्धिले देशको समग्र विकासमा अत्यन्त नकारात्मक असर पर्ने महासङ्घको ठहर छ । मुलुकमा व्याप्त अराजकताले निर्माण गतिविधि प्रभावित भएको र राज्य संयन्त्रमा भ्रष्टाचार व्याप्त रहेकाले मुलुकले सुशासन महसुस गर्न नपाएको महासङ्घले जनाएको छ ।

यसैबीच बीमा निर्देशिका-२०७८ ले गरेको व्यवस्थाबाट पूर्वाधारको लागत वृद्धि भई बीमा कम्पनीलाई पोस्ने काम सरकारले गरेको महासङ्घले जनाएको छ । उक्त निर्देशिकामा टेरिफलाई ननटेरिफ नगरेको खण्डमा महासङ्घ, बीमा समितिविरुद्ध पुनः कडा आन्दोलनमा जान बाध्य हुने विज्ञप्तिमा जनाइएको छ ।

निर्माण व्यवसायी अहिले पनि म्याद थपको जटिलता, भुक्तानी नपाउने समस्याबाट पीडित रहेका बेला सार्वजनिक निकायले बैङ्क ग्यारेन्टी दाबी गरी ठेक्का तोडी, कालोसूचीमा राख्न सिफारिस गर्ने जस्ता अमानवीय कार्य गरी व्यवसायीलाई आतङ्कित बनाउने कामसमेत भइरहेको भन्दै महासङ्घले कडा आपत्ति जनाएको छ ।

निर्माण व्यवसायीलाई तत्काल राहत दिने गरी सरकारले मूल्य समायोजन निर्देशिका जारी नगरेमा 'कन्स्ट्रक्शन होलिडे' का बीच पनि मुलुकभर सञ्चालनमा रहेको राष्ट्रिय गौरवका आयोजना र अति आवश्यक निर्माण परियोजनासमेत बन्द गरी यसअघि स्थगित आन्दोलनका कार्यक्रमसहित एक हप्ताभित्रै थप सशक्त कार्यक्रम सार्वजनिक गर्न महासङ्घ बाध्य हुने विज्ञप्तिमा उल्लेख छ ।

# 'सूचना प्रविधि राज्यको उच्च प्राथमिकतामा'



**काठमाडौं/मस–** सूचना तथा सञ्चार प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सूचना प्रविधि क्षेत्रलाई राज्यले उच्च प्राथमिकतामा राख्दै आएको बताएका छन् । यद्यपि यस क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत सुधार आवश्यक भए सुधार गर्न सरकार तत्पर रहेको उनको भनाइ थियो ।

नेपाल उद्योग परिसङ्घले सूचना प्रविधिका क्षेत्रका सम्बन्धमा सोमबार आयोजना गरेको छलफलमा उनले यस क्षेत्रमा लगानी आकर्षित गर्दै रोजगारी अभिवृद्धि गर्न एवं लगानीकर्तालाई सहज वातावरण बनाउन मन्त्रालय निजी क्षेत्रसँग सहकार्य गर्न तयार रहेको स्पष्ट पारे ।

नेपालको सूचना प्रविधि क्षेत्रमा रहेको दक्ष जनशक्ति, विद्युत्, मौसमलगायतका दृष्टिकोणले सूचना प्रविधिको विकासका लागि नेपाल उपयुक्त ठाउँ रहेको परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालले बताए । हाल नेपालमा भएको विदेशी मुद्रा सञ्चिति समस्या पनि यस क्षेत्रमार्फत समाधानमा मद्दत मिल्ने विश्वास उनले व्यक्त गरे ।

परिसङ्घको आइटी काउन्सिलले सञ्चारमन्त्री कार्की, सचिव डा वैकुण्ठ अर्याल र सहसचिवसँग छलफल गरेको हो । परिसङ्घले भारत, फिलिपिन्सलगायतका मुलुकले दिए जस्तो सुविधा दिएर आइटी पार्क निजी क्षेत्रलाई बनाउन दिन आग्रह गरेको छ । सूचना प्रविधि क्षेत्रबाट विदेशी मुद्रा आर्जन गर्ने अवसर छ । सूचना प्रविधि निर्यातमा शतप्रतिशत मूल्य अभिवृद्धि (भ्यालु एडिसन) हुने भएकाले यस क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ । आगामी वर्षको बजेटमा विदेशी लगानीको न्यूनतम सीमा पुनरावलोकन गरी रु दुई करोड कायम गर्ने घोषणा गरिएकामा त्यसलाई परिसङ्घले स्वागत गरेको छ ।

यस्तो सीमा सूचना प्रविधिको क्षेत्रमा राख्न नहुने सुझाव पनि परिसङ्घले दिएको छ । सूचना प्रविधि क्षेत्रमा अटोमेटिक रुटमार्फत वैदेशिक लगानी ल्याउन मिल्ने व्यवस्था गर्न परिसङ्घले आग्रह गरेको छ । सरकारले आगामी बजेटमा नेपालबाहिर सफ्टवेयर, विद्युतीय सेवा, बिजनेस प्रोसेस आउटसोर्सिङ वा यस्तै प्रकृतिका सूचना प्रविधिमा आधारित सेवा प्रवाह गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई सोबमोजिमको आयमा एक प्रतिशत मात्र कर लाग्ने व्यवस्था मिलाउने घोषणा गरेको छ । यस्तो व्यवस्था दीर्घकालसम्म हुनुपर्ने सुझाव परिसङ्घको छ ।

परिसङ्घको आइटी काउन्सिल संयोजक दिलीप अग्रवाल र सूर्य नेपालका रविकुमार रायवरमले नेपालमा सूचना प्रविधि क्षेत्रको अवसर, थप सुधार गर्नुपर्ने नीतिगत व्यवस्था, सूचना प्रविधि क्षेत्रमा अन्य मुलुकले दिएका सुविधा एवं सहुलियतलगायतको विषयमा प्रस्तुतीकरण दिनुभएको थियो । नेपालले रु तीन अर्ब ३० करोड अमेरिकी डलर बराबर सूचना प्रविधि निर्यात गर्न सक्ने सम्भावना आकलन गरिएको छ । नेपालमा हरेक वर्ष सात हजार ५०० विद्यार्थी आइटी क्षेत्रमा उत्पादन भइरहेका छन् ।

# एयर अरेबिया र फ्लाई दुबईद्वारा भैरहवामा उडान



**काठमाडौं/मस–** भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट थप दुई विदेशी वायुसेवा कम्पनीले अब नियमित उडान भर्ने भएका छन् । नियमित उडान भर्नका लागि एयर अरेबिया र युएइको फ्लाई दुबई कम्पनीले प्रक्रिया अघि बढाएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जनाएको छ । यी दुवै संयुक्त अरब इमिरेट्स (युएई) का अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक कम्पनी हुन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक ई प्रदीप अधिकारीका अनुसार एयर अरेबियाले आगामी दुई हप्ताभित्रै नियमित व्यावसायिक उडानका लागि इच्छा प्रकट गर्दै प्रक्रिया थालेको जानकारी दिए । उनका अनुसार खासगरी भैरहवा विमानस्थलबाट श्रम गन्तव्य मुलुक जान चाहने यात्रुको माग तथा चाप पनि उच्च रहेको छ । सोही कारण अन्य विदेशी वायुसेवा कम्पनीले पनि यो विमानस्थलमा अन्तर्राष्ट्रिय उडानका लागि रुचि बढाएका छन् ।

यसैगरी एक महिनाअघि विमानस्थल उद्घाटनसँगै साताको तीन दिन नियमित उडान सुरु गरेको जजिरा एयरलाइन्सले पनि छिट्टै हप्तामा सातै वटा उडान सुरु गर्ने तयारी गरेको गौतमबुद्ध अन्तरर्ाष्ट्रिय विमानस्थल भैरहवाका प्रमुख गोविन्दप्रसाद दाहालले जानकारी दिए । हाल काठमाडौं-कुवेत रुटका लागि जजिराको न्यूनतम भाडा रु ३३ हजार रहेको छ । भैरहवा-कुवेत रुट भएर अवतजावत गर्दा भने यसमा २० प्रतिशत अर्थात् छ हजार ६०० रुपैयाँ भन्दा कममा सेवा दिँदै आएको जनाइएको छ ।

जजिरा एअरले छिट्टै आफ्नो उडान तालिका परिवर्नन गरी बिहानका लागि पनि बनाउने योजना बनाएको उक्त वायुसेवाको नेपालका लागि आधिकारीक जिएसए सोसाइटी इन्टरनेशनल ट्राभलका अध्यक्ष रवीचन्द्र सिंहले जानकारी दिए ।

उनका अनुसार भैरहवा अन्तरर्ाष्ट्रिय विमानस्थलमार्फत यात्रुले कुवेत भएर खाडीका विभिन्न मुलुकका साथै जर्जिया, इजिप्ट, अजरबैजानलगायत कुवेत हब बनाएर जजिराले उडान सञ्चालन गरिरहेका सबै गन्तव्य जाने उडान सेवा लिँदै आएका छन् । पछिल्लो समय वैदेशिक रोजगारीमा जाने आउने यात्रुका लागि यो विमानस्थल सहज भएको बताइएको छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल गत जेठ २ गतेबाट औपचारिकरुपमा सञ्चालनमा आएको थियो ।

# बालबालिकालाई कोरोनाविरुद्धको खोप लगाउने तयारी



महेन्द्रनगर/मस- सुदूरपश्चिम प्रदेशका तीन जिल्लामा पाँच वर्षदेखि माथि १२ वर्षमुनिका बालबालिकालाई कोरोना विरुद्धको खोप लगाइने भएको छ । सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य निरीक्षक मीनराज जोशीले पहिलो चरणमा कैलाली, कञ्चनपुर र डडेल्धुरामा बालबालिकालाई कोरोना विरुद्धको फाइजर खोप लगाइने बताए ।

'कोरोना विरुद्धको खोप बालबालिकालाई लगाउने राष्ट्रिय कार्यक्रमअनरूप पहिलो चरणमा तीन जिल्लाका पाँच वर्षदेखि माथि १२ वर्षमुनिका बालबालिकालाई लगाउने तयारी छ', जनस्वास्थ्य निरीक्षक जोशीले भने, 'दोस्रो चरणमा बाँकी छ जिल्लामा साउन महिनाले उक्त खोप लगाइनेछ ।' उनले केन्द्रमा खोप आएपछि जिल्लामा पठाएर स्कूलमा गएर उक्त खोप लगाउने तयारी रहेको बताए ।

८७ प्रतिशतले लगाए खोप

त्यसैगरी कञ्चनपुरमा कोरोना विरुद्धको खोप ८६.२ प्रतिशतले लगाएको स्वास्थ्य कार्यालय कञ्चनपुरले जनाएको छ । स्वास्थ्य कार्यालय कञ्चनपुरका खोप इन्चार्ज जनक कुवँरले दोस्रो मात्रा गरेर ८७ प्रतिशतभन्दा बढी स्थानीयवासीले कोरोना विरुद्धको खोप लगाइसकेको बताए । 'कोरोना विरुद्धको पहिलो मात्रा ७८ प्रतिशतले लगाएका छन् ।' कुवँरले भने, 'बुष्टर डोज यहाँ ३६ प्रतिशतले लगाएको तथ्याङ्क छ ।'

उनले खोप प्रगतिमा सुदूरपश्चिमका नौ जिल्लामध्ये कञ्चनपुर पहिलो नम्बरमा रहेको बताए । कोरोनाको सङ्क्रमण न्यून रहे पनि यहाँको गड्डाचौकी नाकामा भने स्वास्थ्य कार्यालयले नियमित कोरोना परीक्षण र सावधानीबारे सचेतना फैलाइरहेको छ । केही दिनअघि यहाँ तीनमा कोरोना सङ्क्रमण देखिएको थियो । भारतको राजधानी नयाँ दिल्लामा सङ्क्रमण बढिरहेका बेला दूरीका हिसाबले नजिक पर्ने गड्डचौकीमा सतर्कता अपनाइने स्वास्थ्य कार्यालय कञ्चनपुरले जनाएको छ ।

# बाँकेमा पूर्वतयारी कृत्रिम अभ्यास

**नेपालगञ्ज/मस–** बाँकेको राप्ती नदीमा सोमबार बाढी पूर्वतयारी कृत्रिम अभ्यास गरिएको छ । लुम्बिनी प्रदेशको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, बाँके नेपाल रेडक्रस सोसाइटी, बाँकेको संयुक्त आयोजनामा बाँकेमा विपद् पूर्वतयारी कार्ययोजनाअनुसार राप्ती नदीको सिधनियाघाटमा सो अभ्यास गरिएको हो । बाढीमा बगेकाको खोजतलास र उद्धार गर्ने विषयमा अभ्यास भएको थियो । सो अवसरमा आन्तरिक मामिला तथा सञ्चारमन्त्री तिलकराम शर्माले यस्तो अभ्यासले काममा निपुणता आउने बताए ।

बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले बाढीबाट हुने जनधनको क्षति रोक्न सरकारका सबै सुरक्षा निकायले राम्रो अभ्यास गर्दै आएको बताए । बाँकेमा बर्सेनि सो अभ्यास गर्ने गरिन्छ । जिल्लामा रहेको लक्ष्मणपुर बाँधका कारण बर्सेनि डुबान र कटान हुने गरेको बताइएको छ ।

# मेलम्चीमा पूर्वसूचना प्रणाली जडान



**सिन्धुपाल्चोक/मस–** मेलम्ची क्षेत्रमा जडान गरिएको पूर्वसूचना प्रणाली (साइरन) को अवस्था परीक्षण गरिएको छ । मनसुनको समयमा हुनसक्ने सम्भावित जोखिमबाट सचेत गराउन गत आवमा मेलम्ची नगरपालिकाको तालामाराङ, मेलम्ची बजार र बाहुनेपाटी बजारमा जडान गरिएको साइरनको अवस्था परीक्षण गरिएको हो । मेलम्ची नगरपालिकाका वातावरण अधिकृत सुजन दुलाल भने, 'यसबाट मनसुनको समयमा हुनसक्ने सम्भावित विपद्को जोखिमलाई कम गरी जनधनको क्षतिलाई कम गर्न सहयोग मिल्छ ।'

मेलम्चीले गत असारको विनाशकारी बाढीपश्चात् आफ्नै लगानी तथा रामलक्ष्मण इनोभेसन प्रालिको सहयोगमा 'अर्ली वार्निङ सिस्टम' (पूर्व चेतावनी प्रणाली) साइरन प्रविधि जडान गरेको थियो ।

यसैबीच नेपाली कांग्रेसका केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले भौतिक पूर्वाधारसँगै गुणस्तरीय शिक्षामा ध्यान दिन आग्रह गरिएको छ । आइतबार जय बागेश्वरी माध्यमिक विद्यालय हेलम्बु-३ पाल्चोकको नवनिर्मित भवनको शुभारम्भ गर्दै उनले प्रतिस्पर्धामा सफल हुने गरी विद्यार्थीलाई अध्यापन गराउन आग्रह गरे । उनले नेपाली कांग्रेसले हुने र सक्ने काम मात्र बोल्ने जनाउँदै बोलेको काम पूरा गर्ने बताए ।

'शिक्षा विकास तथा समन्वय एकाइ'को रु ६९ लाख ७० हजार सहयोगमा सो भवन निर्माण सम्पन्न भएको हो ।


## धार्चे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**माछीखोला, गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको आशयको सूचना**

**प्रकाशित मितिः २०७९/ ०३/०७ गते**

प्रस्तुत विषयमा यस गाउँपालिका कार्यालयबाट शिलवन्दि दरभाउपत्र आह्वान गर्ने सम्बन्धमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार रितपूर्वक दरखास्त परेको दरभाउपत्रहरु खोल्न गठित समितिले प्रस्तावदाता एवं आमन्त्रित पदाधिकारीहरुको रोहवरमा खोली मूल्याकंन समितिमा पेश भई मूल्याकंन समितिले उत्त दरभाउपत्रको प्राविधिक र आर्थिक पक्षको मूल्याकंन गरी पेश गरेको प्रतिवेदनको आधारमा तपशिलमा उल्लेख शिलवन्दि दरभाउपत्र स्वीकृतको लागी छनौट गर्ने निर्णय गरिएको हँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

| क्र.स. | दरभाउपत्र नं. | दरभाउपत्र विवरण | छनौट भएका प्रस्तावदाताको नाम ठेगाना | कबोल रकम (मू.अ.क सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | DRM/GOODS/ SQ/02/2078/79 | Supply and Delivery of Surveying Equipment's and Tools for Dharche RM of FY 2078-079 | Fishtail Suppliers Pvt. Ltd., Butwal | NRS. 1634827.50 | |

**प्रमुख प्रशासकिय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
७ असार २०७९, मंगलबार
21 June 2022, Tuesday

सम्पादकीय

## नागरिक सास्तीमा सरकारको नुनचुक !

इन्धनको मूल्य भारी बृद्धि भएपछि सरकारको चर्को आलोचना भइरहेको छ । नागरिकले सरकारी अधिकारीसँग सोध्ने प्रमुख प्रश्न नै इन्धनको मूल्य बृद्धिको विषय बनेको छ । प्रतिनिधिसभाबाट मन्त्रीहरू बाहिरिदै गर्दा सञ्चारकर्मीले सोधेका मध्ये प्रमुख प्रश्न थियो- इन्धनको भारी मूल्य बृद्धि । सोमबारदेखि लागू हुनेगरी पेट्रोलको मूल्यमा २१ र डिजेल तथा मट्टितेलको मूल्यमा २७ रूपैयाँ बृद्धि गरेको छ । बृद्धिपछिको नयाँ मूल्यदर पेट्रोलको १९९ र डिजेल तथा मट्टितेलको १९२ पुगेको छ । वर्ष दिन यताको तुलनामा प्रतिलिटर झण्डै दोब्बरले मूल्य बृद्धि भएपछि सरकारको चर्को आलोचना भइरहेको छ । मूल्यबृद्धिको असर नागरिकको आम जीवनमा पर्ने भएकाले पनि प्रमुख चासोको विषय बन्न पुगेको हो । यसअघि पनि इन्धनको मूल्यबृद्धि हुने गरेको थियो । तर यसपटकको मूल्यबृद्धि उच्च छ ।

उच्च दरको मूल्यबृद्धि तुलनात्मक रूपमा शहरी जीवन प्रभावित हुँनेछ । तर भारी मूल्यबृद्धिलाई मन्त्रीहरूले भने स्वभाविक रूपमा लिनुपर्ने प्रतिक्रिया दिएका छन् । अझ प्रधानमन्त्रीकै परामर्शमा मूल्यबृद्धि भएको सूचना सार्वजनिक भएको छ । इन्धनको मात्रै नभएर अन्य उपभोग्य र निर्माणका सामग्रीमा पनि मूल्यबृद्धि भएको छ । आकासिएको मूल्यबृद्धिले न्यून आय भएका नागरिक बढी पीडित बन्नेछन् । किनकि आय यथावत रहने, तर उपभोग्य वस्तुको मूल्यबृद्धिले नागरिकको आर्थिक जीवन सन्तुलन नराम्रोसँग विथोलिएको छ । तर सेवा तथा सुविधा भने थप कमजोर बन्दै गएको छ । शनिबार मात्रै धादिङको धार्केमा ट्रक रोकेर किसानहरूले मल लुटेका थिए । तस्करहरूले ल्याएको मल किसानले खोस्नुको मूल कारण भने सरकारकै अक्षमतासँग जोडिएको छ । सरकारले किसानलाई मल उपलब्ध गराउन नसकेपछि किसान आफै ट्रक रोकेर मल लुट्ने अवस्थामा उत्रिएका थिए ।

स्वास्थ्य, शिक्षा र दैनिक उपभोग्य वस्तुको अभाव खेपिरहेका नागरिकलाई मूल्यबृद्धिको भारी बोकाइनुले सरकार हुनुको अनुभूति गर्न सक्ने अवस्था छैन । किसानले मल नपाइरहँदा विद्यार्थीहरूलाई पुस्तक उपलब्ध गराउन सरकारले सकेको छैन । छपाइ नै नभएकाले विद्यार्थीहरूले पुस्तक नपाउने निश्चित जस्तै बनेको छ । त्यो पनि नागरिकलाई सुविधाको स्वर्गमा लैजाने स्वप्निल प्रतिबद्धता जनाएर देशभर जनप्रतिनिधि चुनिएको महिना दिन भित्रकै अवधिमा यस्तो सास्ती नागरिकले खेप्नु परेको छ । यो अवस्था भनेको संविधान प्रावधानबाट मात्रै नभएर नागरिक दायित्वबाट समेत सरकार च्यूत भएको सन्देश हो । सरकार बिफल बनेको प्रमाण हो । यो स्वयम् सरकार प्रमुखसँगै सिंगो देशबासीका निम्ति पनि दुखद् खबर हो ।

# लोकतन्त्रमा फस्टाएको परिवारवाद

*लोकतान्त्रिक व्यवस्थामा बहुदलीय प्रणाली जहिले अग्रभागमा रहन्छ । जनताको मतबाट नै सत्ताको कुर्सीमा दलहरु पुग्छन् । सत्तामा रहने दलहरुले सबैलाई समान अवसर दिने र सबैको योगदानलाई उचित स्थानमा सम्बोधन गर्ने प्रणालीको विकास होस् भन्ने अपेक्षा आम जनताको रहेको हुन्छ ।*

अग्रलेख



● गोविन्द विक

सत्ता र शक्तिको अढेस लागेर राम्रालाई नभई हाम्रालाई अवसर दिनेहरुको भिड बढिरहेको हुनाले लोकतन्त्रमा परिवारवादको हाबी भइरहेको छ । लामो त्याग संघर्ष गरेका व्यक्तिहरुलाई पाखा लगाएर श्रीमतीलाई टिकट थमाउँदा जनताले नरूचाएको तितो यर्थात् कसैबाट छिपेको छैन । चुनावका लागि टिकट होस् वा राज्यको उच्च तहमा गरिने राजनीतिक नियुक्ती होस् श्रीमती, छोरीछोरा, बुहारी, सम्धी, सालासाली, जेठान र ससुराहरुले नै अवसर पाइरहने परिपार्टी नेपाली राजनीतिमा मौलाइरहेको छ । जसका कारण आज शासन सञ्चालन गर्नेहरु प्रतिको जनविश्वास कम हुँदै गएको वास्तविकताबाट हामी टाढा हुन सक्दैनौ । वास्तविक लोकतन्त्रको अभ्यास गर्ने हो भने हाम्राले हैन राम्राले अवसर पाउनु पर्दछ । पार्टीमा सहयोग गरेको भरमा नै श्रीमतीलाई टिकट दिनु, अध्यक्षको छोरी भएकै कारण भोट नदिए देश दुर्घटना हुन्छ भन्नु, प्रधानमन्त्री पत्नी भएकै कारण हाम्रो पार्टीका मेयर नजिते संघीय सरकारले बजेट नै नदिने धम्की दिनु, श्रीमतीको नातेदार भएकै कारण विद्युत प्राधिकरणको कार्यकारीमा नियुक्ती पाउनु, लोकतन्त्रको बिगुल फुक्नेहरुबाट हुने गरेका यी हर्कतहरुले आम जनता दिग्दार भएका छन् । दलभित्र पनि क्षमता र त्यागलाई पन्छाउदै नजिकका आसेपासेहरुलाई नै अघि सार्ने नसुहाउँदो प्रणालीको विरुद्धमा जबसम्म मौनता रहिरहन्छ तबसम्म श्रीमान् श्रीमतीहरुले राज्यका उच्च पदमा बारम्बार हालीमुहाली मच्चाइरहने पक्का नै छ ।

बहुदलीय व्यवस्थामा सत्ता सञ्चालन गर्ने शक्ति भनेको राजनैतिक दल नै हो । राजनीतिक दलभित्र नै लोकतन्त्र कमजोर बनाउने अभ्यास पटक-पटक हुने भएपछि यी दलबाट लोकतन्त्र फस्टाउने छाँट देखिँदैन । दलहरुले समावेशीताको सिद्धान्तको मर्म र भावनालाई निरन्तररूपमा कुल्चिरहेका छन । कुनै पनि दलमा समावेशीताको मर्म र भावनालाई कदर गरेका उदाहरण भेट्न निकै मुस्कील छ । सत्ता सञ्चालनको लागि जनमत पाएकाहरु नै लोकतान्त्रिक तवरबाट सुशासन स्थापितमा चुकिरहेका छन् । करिब दुई तिहाइको जनमत पाएकालाई पनि परिवारवादले नछोडेको सतहमै देखियो । जब सत्ताको कुर्सीमा पुग्छन् तब लोकतन्त्रलाई निमोठ्ने अभ्यास शुरू भैहाल्छ । जब शक्ति आफ्नो पकटमा पार्न सफल हुन्छ मान्छे तब उसले आफ्नाहरुको लागि मात्र अवसर देख्दो रहेछ भन्ने उदाहरण विभिन्न घटनाक्रमले देखाएका छन । नेपाली राजनीतिमा आफ्ना आफन्तहरुको लागि मात्र अवसर देख्ने गरेका उच्च नेतृत्वमाथि परिवारवादको आरोप लाग्नु कुनै नौलो विषय नै हैन । उच्च नेतृत्व तहबाट नै राज्य सञ्चालनको क्रममा आफ्ना आफन्तहरुलाई अवसर दिने अभ्यास हिजो पनि थियो र आज पनि निरन्तर छ । लोकतन्त्रको उपहासमा आलोचित हुने राजनैतिक दलका नेतृत्वहरु क्षमता र संघर्षलाई जहिलै तिलाञ्जली दिन तत्पर देखिन्छन् । इमानदार भएर पार्टीमा काम गर्ने सधैँ पार्टीको भविष्यका लागि संघर्ष गर्नेहरु पछि पर्नु परिरहेको वास्तविकता छरपष्ट छन् । नेतृत्वको नजरमा परिवार र आफ्नो वरीपरी घुम्नेहरु नै सधैँ परिरहने भएपछि लोकतन्त्र त्यसै कमजोर हुँदै जान्छ ।

लोकतान्त्रिक व्यवस्थामा बहुदलीय प्रणाली जहिले अग्रभागमा रहन्छ । जनताको मतले सत्ताको कुर्सीमा दलहरु रहन्छन् । सत्तामा रहने दलहरुले सबैलाई समान अवसर दिने सबैको योगदानलाई उचित स्थानमा सम्बोधन गर्ने प्रणालीको विकास होस् भन्ने अपेक्षा आम जनताको रहेको हुन्छ । संसारको सबैभन्दा उच्चतम शासन प्रणाली भनेको नै लोकतान्त्रिक प्रणाली नै हो । राज्यको तहमा सबैको समान अवसर हुनु, दलभित्र सबैको समान हैसियत रहनु, संघर्ष गर्ने त्याग गर्ने सधैँ दलको हितमा तल्लीन हुनेहरुलाई अवसरको प्राथमिततामा पर्नु र पारिनु नेतृत्वको वरीपरी छिकार्नी मारेकै भरमा राज्यको उच्च तहमा जाने मौका नपाउनु समावेशी र समानतालाई सधैँ ध्यानमा राखेर राज्य सञ्चालनमा सहभागी गराउनु नै लोकतन्त्रको मर्म हो । राज्यहितका भावनालाई समेट्नु, सबै वर्ग र समुदायको अर्थपूर्ण सहभागितामा ध्यान दिनु, दलका गतिविधिहरु सबै दण्डहिनता सुशासन उन्मुख मार्गमा केन्द्रित हुनु, राजनैतिक दलभित्र समयसापेक्ष नेतृत्व हस्तान्तरणलाई निरन्तर अभ्यासमा ल्याउनु, नेतृत्वले बाटो बिराएको अवस्थामा खबरदारीका लागि जहिलै तत्पर हुने वातावरण निर्माण गर्नु लोकतन्त्रका अभिन्न पक्षहरु हुन् । सत्ता र शक्तिका लागि आफू अनुकूल हुँदा सबै ठिक आफू प्रतिकुल हुँदा सबै धोका र अन्तरघात देख्ने प्रवृत्ति लोकतन्त्रका लागि घातकजन्य अभ्यास हो । दलभित्र हुने पद भागवण्डामा लोकतन्त्रलाई नै कमजोर बनाउने गरी लेनदेनको अभ्यास गरिन्छ भने त्यसले कुनैपनि दललाई स्थिर बनाउन सहयोग पुग्दैन र जनताका सामु जहिलै अविश्वासको वातावरण बनिरहन्छ । जनविश्वास जबसम्म कायम रहन्छ तबसम्म सत्ता उन्मुख गल्तीहरु देखिँदैनन् । जनविश्वास कमजोर बन्दै गएपछि लोकतन्त्रका गलत अभ्यासहरु छरपष्ट हुँदै जान्छन् । अन्ततः दलका लागि नै घातक सिद्ध हुन्छ । त्यसैले राजनैतिक दलभित्रको लोकतन्त्रलाई मजबुद बनाउने प्रमुख जिम्मेवारी दलकै नेतृत्वकर्ताको हो ।

दलभित्रको लोकतन्त्रलाई बलियो अभ्यासमा निरन्तरता दिने सुनौलो अवसर दलहरुले गुमाउनु दुर्भाग्य नै हुन जान्छ । जनविश्वास गुम्ने अवस्था सिर्जना हुनुमा मेरो नेतृत्व कहाँनिर चुक्यो ? कुन सवालमा ध्यान नपुर्‍याउँदा जनमतबाट टाढिने अवस्था आयो ? के मेरो नेतृत्वले सबैलाई समान नजरबाट हेरेको छ ? के मेरो नेतृत्व सबैको प्रिय बन्ने मार्गमा गइरहेको छ ? मैले लिने निर्णयहरुमा पार्टी जनता र मुलुकमा कुन तहसम्मको प्रभाव रहन्छ ? क्षणिक लोकप्रियतालाई आत्मसाथ गरेर कसैसँग गरेका सम्झौताहरुको दिर्घकालिन असर कस्तो रहन्छ ? भावी पुस्ताले सधैँ मलाई सम्झने समृद्धिको जग बसाउनमा मेरो पहल के रह्यो ? पटक-पटक सत्ता सञ्चालनको जिम्मेवारी पाउँदा अनुभव गर्ने गरी मैले गरेका जनमुखी काम के हुन ? बिजुलीका पोलमा ठूला-ठूला तस्वीर राखेर नयाँ युगको विगुल फुक्दा त्यसले जनमानसमा कस्तो सन्देश दिए मैले ? संसदीय व्यवस्था खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो भन्दै संसदीय व्यवस्थाविरुद्ध लड्दा जनताले रुचाइ जनमतबाट ठूलै दलको हैसियतमा सत्ता सुम्पीदा जनअपेक्षा चटक्क बिर्सेर त्यही संसदीय व्यवस्थाभित्र आफै विलासिताको जीवन विताउनु के ठिक थियो ? यी र यस्ता प्रश्नहरुको गम्भीर समिक्षा गर्नका लागि राजनैतिक दलका नेतृत्वको ध्यान नजानु नै जनविश्वास कुल्चीने गम्भीर अभ्यास होभन्दा फरक पर्दैन ।

फोहोरी राजनीतिको बितण्डा मच्चाउँदा दलभित्रका नेताहरुले उच्च तहमा गएर निम्छरो व्यवहार प्रदर्शन गरिरहँदा नेतृत्व रमिते बन्नु लोकतन्त्रमा लज्जास्पद अभ्यास हो । त्यसैले दलभित्रको लोकतन्त्रलाई बलियो बनाउदै आफ्ना आफन्तलाई अवसर दिने भन्दा पनि क्षमता, दक्षता संघर्ष त्याग र जनहितलाई मुख्य आधार मानेर अवसरका ढोकाहरु खुल्ला गर्ने नीति र पद्धतिको विकासमा दलका नेतृत्व कर्ताहरु लागेको अवस्थामा लोकतन्त्र त्यसै परिपक्व हुँदै जान्छ । परिवारवादले राज्यतहमा हाबी हुने मौका पाउदैन भन्ने कुरा उच्च नेतृत्वले बुझ्न निकै ढिला भइसकेको छ ।



*चुनावका लागि टिकट होस् वा राज्यको उच्च तहका लागि गरिने नियुक्ती श्रीमती, छोरीछोरा, बुहारी, सम्धी, सालासाली, जेठान र ससुराहरुले नै अवसर पाइरहने परिपाटी नेपाली राजनीतिमा मौलाइरहेको छ । जसका कारण आज शासन सञ्चालन गर्नेहरु प्रतिको जनविश्वास कम हुँदै गएको वास्तविकताबाट हामी टाढा हुन सक्दैनौ । वास्तविक लोकतन्त्रको अभ्यास गर्ने हो भने हाम्राले हैन राम्राले अवसर पाउनु पर्दछ ।*

## सामाजिक सञ्जाल



**- रूद्र पाण्डे**

यदि कसैले वार्षिक रू. १० लाख फी पर्ने आइटी कलेज खोलेर विदेशिने विद्यार्थीलाई नेपाल मै रोक्न सक्छ भने हामीले त्यस्ता व्यवसायीलाई स्वागत गर्नुपर्छ । अभिभावक र विद्यार्थीले गुणस्तरको लागि पैसा तिर्ने हो । महँगो लिने जति सबै चोर भन्ने सोचबाट मुक्त नभए असल ब्राण्डको विकास हुँदैन है ।



**- धनराज गुरूङ**

मुलुकको अर्थतन्त्र दिनप्रतिदिन कमजोर बन्दै गइरहेको छ । आर्थिक मन्दी डरलाग्दो स्थितिमा पुगेको छ । महँगी आकाशीएको छ । निकट भविष्यमा आउन सक्ने गम्भीर आर्थिक संकटको सामना गर्न सर्वदलीय छलफल आवश्यक भैसकेको छ । भूकम्पमा झैं आर्थिक संकटविरूद्ध पनि सबै दल एक ठाउँमा उभिनै पर्छ । ढिलो नगरौं ।



**- सागर बुढाथोकी**

साधारण बिरामी हुनासाथ 'हेल्थपोस्ट' जान छाडेर फार्मेशी जानु भनेको स्वास्थ्य प्रणाली असफल हुनु हो । फार्मेशीवालाले लक्षणको आधारमा 'एण्टिबायोटिक्स' भिडाउँछ, जसको नकारात्मक असरबारे उपभोक्तालाई थाहै हुन्न । फार्मेशीको विश्वास 'हेल्थपोस्ट'ले कैले कमाउँछ ?



**- सुर्यराज आचार्य**

युक्रेनको संकट मथ्थर हुने भन्दा झनै चर्कँदो छ । यसले विश्व अर्थव्यवस्थालाई गहिरो संकट तर्फ धकेल्दै । तर तेल/हतियार व्यापारीलाई चैं चाँदी कटाइ छ र युद्ध रोक्ने/चर्काउनेमा धेर-थोर भूमिका यी व्यापारीको पनि होला नै ! केही समय असहज हुने हो कि ? यो बारेमा नेपाल सरकारले केही तयारी गरेको छ ?



**- प्रेम घर्तीमगर**

भूतपूर्व राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू सबैलाई दिँदै आएको भरणपोषणलगायतका सेवा, सुविधाहरू कटौती गर्ने हो भने देशको अर्थतन्त्र सुधार्नमा धेरै मद्दत पुग्ने थियो । जति पनि भूतपूर्वहरू छन्, ती सबैलाई राज्यबाट कुनै पनि सेवा, सुविधा नदिने कानुन बनाउनु पर्छ ।

# संसदवादी र राष्ट्रियता

विचार



● विकास श्रेष्ठ

**काठमाडौं/मस–** नेपालको सौन्दर्य प्रतियोगिता ‘मिस नेपाल वर्ल्ड २०२२’ की विजेता प्रियंका रानी जोशीलाई पुर्ख्यौली घरमा बाजागाजासहित स्वागत गरिएको छ। केही दिनदेखि लाजिम्पाटको पाँचतारे होटल र्‍याडिसनमा बस्दै आएकी उनलाई परिवार र आफन्तले बाजागाजासहित काठमाडौं वडा नम्बर २९ मा रहेको अनामनगरस्थित जन्म घरमा भित्र्याएका हुन्।

सेतो रंगको गाडीमा राष्ट्रिय झन्डा फहराउँदै आएकी प्रियंकालाई गृह प्रवेश गर्नुअघि वडा नम्बर २९ का वडाध्यक्षले खादा लगाएर स्वागत गरेका थिए। त्यसपछि सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै प्रियंकाले मिस नेपाल जिताउनका लागि आफूलाई भोट गर्ने सबैलाई धन्यवाद व्यक्त गरिन्। उनले आगामी दिनमा आफूले मिस नेपालले गर्नुपर्ने कार्य कुशलतापूर्वक निर्वाह गर्ने पनि बताइन्।

‘म हाम्रो देशलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन कुनै प्रयास बाँकी राख्ने छैन,’ उनले आफ्नो भविष्यको योजनाबारे पनि भनेकी छन्, ‘अबको



तयारी मिस वर्ल्डको छ। यसका लागि जुटेरै लागिपर्नेछु र मिस वर्ल्डको ताज नेपाल ल्याउन एकदमै कोशिश गर्नेछु।’ उनले मिस नेपाल वर्ल्ड बन्न वर्षौंदेखि बुनिरहेको सपना साकार हुँदा त्यसलाई व्यक्त गर्नका लागि आफूसँग शब्द नै नभएको बताइन्।

उनले आफूलाई फिल्म हेर्न रुची भएपनि अभिनयमा पोख्त नभएकाले अभिनेत्री बन्नेबारेमा अहिल्यै केही नसोचेको बताइन्। उनले भनिन्, ‘मलाई फिल्ममा आउने त्यस्तो कुनै सोच छैन। मलाई फिल्म हेर्न जति रुचि भए पनि अभिनयमा त्यस्तो पोख्त छु जस्तो लाग्दैन। मेरो परिवार सुनचाँदी व्यवसायमा आबद्ध भएकाले जेमोलोजी पढ्छु भन्ने सोच बनाएको छु। तर, फिल्ममा आउने विषयमा अहिलेसम्म त्यस्तो केही सोच बनाएको छैन।’

## ‘म यस्तो गीत गाउँछु २’ सिड्नीमा रिलिज हुँदै

काठमाडौं/मस- फिल्म ‘म यस्तो गीत गाउँछु २’ अष्ट्रेलियाको सिड्नीमा रिलिज हुने भएको छ। आगामी जुलाई ९ तारिखको दिन सिभिक थियटरमा यो फिल्म देखाइने अष्ट्रेलियाको इभेन्ट म्यानेजमेन्ट कम्पनी कलर्स अफ नेपालका बिक्रम पौडेलले बताए। अन्तराष्ट्रिय स्तरमा नेपाली फिल्म वितरण गर्दै आएको कम्पनी नेपसिने र कलर्स अफ नेपालको सहकार्यमा सिड्नीमा रिलीज हुन लागेको नेपसिनेका नेपाल प्रमुख विधान कार्कीले बताए। नेपसिनेले नेपाल, हङकङ र युके बाहेकका अन्य देशमा यो फिल्म को प्रदर्शन अधिकार लिएको छ।

सिड्नीमा अभिनेत्री पुजा शर्मा र निर्देशक सुदर्शन थापाका साथै वितरक विधान कार्की र दिपेन्द्र कार्की पनि सहभागी हुने बताइएको छ। यो फिल्म को सहकार्यसँगै नेपसिने र कलर्स अफ नेपालबीच अष्ट्रेलियामा अन्य विभिन्न कार्यक्रमहरु एकसाथ गर्ने सहमति भएको पनि पौडेलले जनाए। सिड्नी प्रदर्शन अगावै यो फिल्म को अष्ट्रेलियाको मेलवर्नमा जुलाई ५ तारिखको दिन प्रदर्शन हुनेछ। फिल्म लाई कुनै पनि देशमा प्रदर्शन गर्नु परेमा नेपसिने र फिल्म को निर्माण टिमसँग सम्पर्क गर्न सकिने कार्कीको भनाइ छ।

**Ramechhap Municipality**
**Office of the Municipal Executive**
**Ramechhap Bazar,Ramechhap**
**Bagamati Pradesh, Nepal**

**Invitation for Seal Bid Quotation**

**Date of First Publication: 2079/03/07**

1. Ramechhap Municipality, Office of the Municipal Executive, Ramechhap Bazar,Ramechhap invites sealed bids from eligible bidders under the following contracts under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID no. | Description of Works/ Bid Type | Minimum Bid Security Amount in NRs/Validity Period |
|---|---|---|
| RM/17/078-79 | The Supply and Delivery of Laptop and printer for School of Ramechhap Municipality | Nrs. 50000<br>75 days |

2. A complete set of bid document may be purchased from the office of Ramechhap Municipality, Ramechhap by eligible bidders on the submission of written application with the copy of company registration certificate & tax clearance certificate of F/Y 2077-078 and upon payment of non-refundable fee of Rs.1000.00 till 15th day (B.S.2079-03-21) during office hour should deposit the cost of bidding document in the Office Sanchit Kosh (revenue) account as specified below .

**Name of the Bank:Rastiya Banijya Bank** **Office Code no. : 8010324023**

**Office Account no : 1020100303000002 (For Bid security)**

3. Sealed bids must be submitted to the office Ramechhap Municipality, Ramechhap Bazar, Ramechhap by before12:00 noon on 2079-03-22 along with copy of voucher of bid security deposit.. Bids received after this deadline will be rejected. And The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2079-03-22 at the office of Ramechhap Municipality.

**Chief Administrative Officer**

**Kohalpur Municipality**
**Office of Municipal Executive**
**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

**Invitation For Bids**

**Date Of Publication : 2079/03/07 (June-21-2022)**

Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke invites bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/KOMUN/W/ NCB-15/2078/079 | Road Gravelling Work at Different Wards. | 90 days | 18,654,984.40 | 475,000.00 | 3000.00 | |
| 2 | BANKE/KOMUN/W/ NCB-16/2078/079 | Supply and Laying of Hume Pipe at Different Location of Kohalpur Municipality. | 90 days | 4,776,097.47 | 120,000.00 | 3000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission | 2079/04/05 (July-21-2022 ) ( upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2079/04/05 (July-21-2022 ) ; at 1:00 PM, At Kohalpur Municipality Office, Kohalpur, Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank, Kohalpur, Banke, AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch , Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur, Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**प्रदेश सरकार**
**मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय**
प्रदेश नं. १
**प्रदेश प्रशिक्षण केन्द्र**
कलवलगुरी, झापा

**सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०३/०७)**

यस कार्यालयलाई आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसाधन २०७३) को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६३ (चौथो संसोधन २०७३) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी उत्पादक कम्पनी वा सोको आधिकारीक/अधिकृत बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारीसाधन बिक्री गर्न चाहने उत्पादक तथा आधिकारीक/अधिकृत बिक्रेताले आ-आफ्नो उत्पादकको आधिकारीक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) तथा Manufactures Authorization Letter फर्म दर्ता, भ्याट दर्ता र आ.व. २०७७/७८ को आयकर चुक्ताको प्रमाणित प्रतिलिपिहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारीक अधिकृत बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | खरिद गर्नुपर्ने सवारी साधन | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | (2WD), RHD, vehicle suitable for hilly rough road driving in Nepal | Petrol engine min 1100cc developing maximum rated power output not less than 60KW and maximum torque should not be less than 110 NM at governed rpm, equipped wil all necessary accessories, minimum 1 year warranty after acceptance and others. | One (1) | संक्षिप्त स्पेशिफिकेशनमा उल्लेख नभएका विषयहरु स्वीकृत प्राविधिक स्पेशिफिकेशन बमोजिम हुनेर खरिद सम्बन्धी थप जानकारी तथा कागजातहरु यस केन्द्रबाट प्राप्त गर्न सकिने छ। |

**फ्रि भिसा, फ्रि टिकट, शुन्य लागतमा मलेसियामा रोजगार**

कम्पनी: CAREGLOVE GLOBAL SDN BHD — शहर: SELANGOR
पूर्व स्वीकृत मितिः २०७९/०२/२५ — चलानी नं.: ६०१८०६६० — LT. No.: 264623

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**UAE मा रोजगारको अवसर** | कम्पनी: BAHIRA LADIES BEAUTY CENTER — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/०३/०६ — चलानी नं.: ६०१८१३८७ — LT. No.: 265277

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 3 | स. काममा दक्ष | 1500 | ५०,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १४ गते (28 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Mob: 9841831240 Email:info@manpoweragencynepal.com
Mob: 9823467392, 9818819581, 9801067993, 9851100134, 985106811

**कतारमा रोजगार** | १. कम्पनी: IRIS CONSTRUCTION AND TRADING — शहर: Qatar
पुर्व स्वीकृत मितिः २०७८/04/01 — चलानी नं.: ६०१६०२३० — LT. No.: 242528 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GUARD | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 3 | 0 | | 1200 | ४१,०६४ | | | | | | | |
| 3. | MASON | 4 | 0 | | 1200 | ४१,०६४ | | | | | | | |
| 4. | Driver | 15 | 0 | | 1900 | ६५,०१८ | | | | | | | |
| 5. | REINFORC FITTER | 13 | 0 | | 1200 | ४१,०६४ | | | | | | | |

**अन्तर्वार्ता शिव ट्रेनिङ्ग, जनकपुरमा २०७९ असार १४ गते (28 June 2022) मा हुनेछ।**
**सेन्टर प्वाइन्ट होटल, विर्तामोडमा २०७९ असार १५ गते (29 June 2022) मा हुनेछ।**
**टेक्निकल ट्रेनिङ्ग सेन्टर, विर्तामोडमा २०७९ असार १६ गते (30 June 2022) मा हुनेछ।**
**अन्जली ट्रेनिङ्ग सेन्टर, इटहरीमा २०७९ असार १७ गते (1 July 2022) मा हुनेछ।**
**होटल रेड कार्पेट, चितवनमा २०७९ असार १८ गते (2 July 2022) मा हुनेछ।**
**मेनपावरको कार्यलय, काठमाडौंमा २०७९ असार १९ गते (3 July 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३६६८१६०, ९८०१०८५६३९, सम्पर्कः ९८१७६१६००६ जनकपुर, ९८२४९७३४९६ वितामोड,
९८२४९७३४९६ विर्तामोड, ९८५२०६२७६१ इटहरी, ९८०१३५८३६९ चितवन, ९८२३८३६९८८ काठमाडौं
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

# एन्फा अध्यक्षमा नेम्वाङ निर्वाचित



**काठमाडौं/मस–** अखिल नेपाल फुटबल संघ (एन्फा)को अध्यक्षमा पंकज विक्रम नेम्वाङ निर्वाचित भएका छन्। काठमाडौंको बुढानिलकण्ठस्थित पार्क भिलेज रिसोर्टमा सोमबार भएको निर्वाचनबाट नेम्वाङ निर्वाचित भएका हुन्। नेम्वाङ आगामी चार वर्षको कार्यकालका निर्वाचित भएका हुन्।

चार वर्ष अघि अध्यक्षका रूपमा शेर्पा पहिलो पटक एन्फामा चुनिँदा उनकै प्यानलबाट नेम्वाङ सर्वाधिक मतसहित उपाध्यक्ष निर्वाचित भएका थिए। पछि कार्यसमितिले चार उपाध्यक्षमध्येबाट नेम्वाङलाई वरिष्ठ उपाध्यक्षको जिम्मेवारी दिएको थियो।

अध्यक्षका अर्का प्रत्यासी कर्माछिरिङ शेर्पालाई ६ मतले पराजित गर्दै नेम्वाङ अध्यक्षमा निर्वाचित भएका हुन्। नेम्वाङले ४५ मत प्राप्त गर्दा शेर्पाले ३९ मत प्राप्त गरे। अध्यक्षका अर्का प्रत्यासी राजिव पौडेलले सून्य मत प्राप्त गरे।

त्यस्तै एन्फाको वरिष्ठ उपाध्यक्षमा बीरबहादुर खड्का निर्वाचित भएका छन्। अध्यक्ष निर्वाचित नेम्वाङको प्यानलमा रहेका खड्काले शेर्पा प्यानलका शिक्षित पराजुलीलाई हराए। खड्काले ४४ मत प्राप्त गर्दा पराजुलीले ४० मत प्राप्त गरे।

मतदानमा कुल ८४ मध्ये ८४ मत नै खसेको थियो। एन्फाको केन्द्रीय निर्वाचनका लागि कुल ८७ मत भए पनि दुई वटा जिल्ला भक्तपुर र सिन्धुलीमा चुनाव हुन नसक्दा मताधिकारबाट वञ्चित भएका थिए।

यस्तै सिराहा जिल्लाबाट मताधिकार पाएका एन्फा कार्यसमिति सदस्य प्रवीणकुमार यादवले समयसिमाभित्र कार्यसमितिबाट राजीनामा नदिएका कारण उनी मतदानमा सहभागी हुन पाएका थिएनन्।

निर्वाचनमा जिल्ला, राष्ट्रिय लिगमा छनोट मोफसलका चार क्लब, एन्फाका चार संघ, ए, बी र सी डिभिजन क्लब सहभागी थिए। जसमा ४४ जिल्ला, चार राष्ट्रिय लिगका क्लब, चार एन्फा संघ, ए डिभिजनका १४ क्लब, बीका ११ र सीका ९ क्लबले मत हालेका थिए।

## खेलकुदलाई हेर्ने नजर परिवर्तन गर्न जरुरी : मन्त्री गहतराज



**काठमाडौं/मस–** युवा तथा खेलकदमन्त्री महेश्वरजंग गहतराजले सिंहदरबारले अहिलेसम्म पनि खेलकुदलाई सामान्य क्रियाकलापका रूपमा लिएका कारण यसको विकासमा समस्या परेको बताएका छन्। सोमबार अखिल नेपाल फुटबल संघ (एन्फा)को २१औं साधारणसभालाई सम्बोधन गर्नेक्रममा मन्त्री गहतराजले सिंहदरबारभित्र अझै पनि खेल क्षेत्र एक सामान्य गतिविधि हो भन्ने बुझाइ रहेको बताएका हुन्।

'हाम्रो सिंहदरबारभित्र बस्नेहरूमा अझै पनि खेल क्षेत्रलाई सामान्य गतिविधि र क्रियाकलापको क्षेत्र हो भन्ने बुझाइ छ। सिहंदरबारभित्र त्यो बुझाइका कारण यस क्षेत्रको विकासमा कठिनाइ भइरहेको छ। त्यसकारण हामीले सिंहदरबार भित्रको त्यो बुझाइ चिर्न आवश्यक छ,' युवा तथा खेलकुदमन्त्री गहतराजले भने, 'यतिबेला खेल क्षेत्र आर्थिक गतिविधिको सबैभन्दा ठूलो हिस्सा बनिसकेको छ। यो एउटा सबैभन्दा ठूलो उद्योगका रूपमा स्थापित भइसकेको छ। यो कुरा सिंहदरबारभित्र बस्नेहरूलाई बुझाउन आवश्यक छ।'

मन्त्री गहतराजले अन्तर ाष्ट्रिय क्षेत्रमा सम्बन्ध विस्तार गर्नका लागि पनि खेल कुटनीतिले महत्वपूर्ण भूमिका खेल्ने बताए। उनले थपे, 'विश्वका ठूला ठुला देशले प्रतियोगिता आयोजना गर्नका लागि प्रतिस्पर्धा गरिरहेका छन्। त्यसबाट पनि बुझ्न जरुरी छ कि यो अहिलेको आर्थिक गतिविधिको एक प्रमुख हिस्सा हो। हामीलाई प्रकृतिले सुन्दर उपहार दिएको छ। त्यसलाई खेल पर्यटनसँग पनि जोड्नुपर्छ। हाम्रोजस्तो सानो देशले अन्तर्राष्ट्रिय सम्बन्ध सुधार गर्नका लागि खेल कुटनीतिको महत्वपूर्ण भूमिका हुन्छ।'

त्यस्तै राखेपका सदस्यसचिव टंकलाल घिसिङले अखिल नेपाल फुटबल संघ (एन्फा)को चुनावी साधारणसभाले विगत चारवर्षमा गरेको कार्यकालको गम्भीर समीक्षा गर्नुपर्ने बताए। सदस्यसचिव घिसिङले विगतमा भएको कार्यहरूको मिहिन ढंगले समीक्षा गर्न आवश्यक रहेको बताएका हुन्।

'यस साधारणसभाले विशेषगरी दुई कुरामा ध्यान दियोस् भन्ने चाहन्छु। एक, पछिल्लो कार्यसमितिले आफ्नो कार्यक्रममा गरेको उपलब्धिको खोजिनिति गरोस्। दुई, यसबीचमा काम गर्नेक्रममा कहाँ चुक्यो भन्ने कुराको पनि खोजिनिती गरोस्। यस चुनावमा त्यसको गम्भीर समीक्षा हुनु आवश्यक छ,' उनले भने।

सदस्यसचिव घिसिङले एन्फाको साधारणसभाले नेतृत्वको चयनमात्र नगरी आगामी वर्षका लागि सही कार्यदिशा बनाउन सुझाव दिए। 'विभिन्न क्षेत्रबाटप्रतिनिधिहरु आउनु भएको छ। तपाईंको संगठनमा नेतृत्व निर्माण त भइरहेको छ। यससँगै आगामी कार्यदिशाका के हो भनेर स्पष्ट रुपमा निर्माण गर्न सफल हुनुहोस्। सही कार्ययोजना के हो त्यो नै अनुमोदन गर्न सफल हुनुहोस्,' सदस्यसचिव घिसिङले भने।

## बहराइनलाई हराउँदै नेपाल सेमिफाइनलमा



**काठमाडौं/मस–** नेपाल एसीसी महिला टी–ट्वान्टी च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ। मलेसियाको किनरारा ओभलमा सोमबार बहराइनलाई ८ विकेटले हराउँदै नेपाल सेमिफाइनलमा पुगेको हो।

वर्षाका कारण ७ ओभरमा झारिएको खेलमा बहराइनले छ विकेटको क्षतिमा १४ रन बनाएको थियो। १५ रनको लक्ष्य नेपालले तीन ओभर चार बलमा दुई विकेट गुमाँउदै लक्ष्य भेट्टाएको हो। नेपालका लागि सीता रानामगरले अविजित चार तथा कविता जोशीले तीन रन बनाउँदा आठ रन नेपालले अतिरित्त रन पाएको थियो। त्यस्तै नेपालकी उपकप्तान डगआउट भएकी हुन् भने रुबिना क्षेत्रिले शुन्य रनमा नटआउट रहिन्।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बहराइनका कुनै पनि खेलाडीले दोहोरो अंकको रन बनाउन सकेनन्। इशारा सुहानले बहराइनका लागि सर्वाधिक ६ रन बनाइन्। त्यस्तै थरङगा गजनानायके, रासाङगिका हेराथ र शशिकल प्रकाशले दुई दुई रन बनाउँदा अविरा वारिसले एक रन बनाइन् भने तीन खेलाडीले खाता नै खेल्न सकेनन्। नेपालका लागि कविता कुँवर र सबनम राईले दुई दुई तथा अशिमिना कर्माचार्यले एक विकेट लिइन्।

समूह 'बी' मा रहेको नेपाल शीर्ष स्थानमा रहेको छ। नेपालले ३ खेलमा ६ अंक जोडेको छ। नेपालले अन्तिम खेलमा मंगलबार हङकङसँग खेल्नेछ।

च्याम्पियनसिपमा १० टोलीको सहभागिता रहेको छ। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह चरणको खेलपछि शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउने छन्। च्याम्पियनसिपको फाइनल पुग्ने दुई टोलीले महिला टी–ट्वान्टी एसिया कप क्रिकेटमा छनोट हुनेछ।

## चन्द्र र जीवन पहिलो

**काठमाडौं/मस–** नेपाल माझी उत्थान संघ, सुनसरीका चन्द्रबहादुर माझी र जीवन माझी प्रथम खुला डुंगा प्रतियोगिताको सिंगल्समा पहिलो भएका छन्। उनीहरुले निर्धारित १२० मिटर दूरी १ मिनेट २२ सेकेन्डमा पूरा गरे।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजना तथा रामेछाप जिल्ला खेलकुद विकास समितिको व्यवस्थापनमा भएको प्रतियोगितामा नेपाल माझी उत्थान संघ, रामेछापका जनक माझी र बुद्धिमान माझी (१ मिनेट ३२ सेकेन्ड) दोश्रो तथा नेपाल माझी उत्थान संघ, सिन्धुलीका दीपक माझी र साजन माझी (१ मिनेट ३३ सेकेन्ड) तेश्रो भए। शीर्ष तीन स्थान हात पार्नेले क्रमश: २० हजार, १५ हजार र १० हजार नगद पुरस्कार प्राप्त गरे।

रामेछापको मन्थलीस्थित सेलेघाटमा भएको प्रतियोगिताको डबल्समा नेपाल माझी उत्थान संघ, सुनसरीका चन्द्रबहादुर माझी, जीवन माझी, जितेन्द्र माझी र भेषबहादुर माझी पहिलो बने। उनीहरुले निर्धारित १२० मिटर दूरी १ मिनेट ५३ सेकेन्डमा पार गरे। नेपाल माझी उत्थान संघ, रामेछापका रामबाबु माझी, कुश्मान माझी, काले माझी र भरत माझी १ मिनेट ५९ सेकेन्डमा दोश्रो भए। तेश्रो स्थानका नेपाल माझी उत्थान संघ, रामेछापका सन्तोष माझी, बलबहादुर माझी, शान्ति माझी र कुमार माझीले २ मिनेट १२ सेकेन्डमा दूरी पूरा गरे। पहिलो हुनेले ३० हजार, दोश्रोले २० हजार र तेश्रोले १० हजार नगद पुरस्कार पाए। डुंगा प्रतियोगिताको सिंगल्समा २ जना र डबल्समा ४ जनाले खेल्न पाउने प्रावधान राखिएको थियो।

मन्थली नगरपालिकाको सहयोग तथा नेपाल माझी उत्थान संघ, रामेछापको समन्वयमा भएको एकदिने प्रतियोगितामा १ सय खेलाडी सहभागी थिए।

प्रतियोगिताको राखेप सदस्य–सचिव टंकलाल घिसिङले उद्घाटन गर्दै पराम्परागत खेलको जर्गेना गर्ने उद्देश्यले राखेपले प्रतियोगिता आयोजना गरेको बताए। विजेतालाई मन्थली नगरपालिकाका मेयर लव श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

## नेक्ससको विजयी शुरुवात

**काठमाडौं/मस–** आयोजक नेक्सस क्रिकेट एकेडेमीले यु–१६ नेक्सस कप टी– २० क्रिकेट सिजन ५ सोमबार विजयी शुरुवात गरेको छ।

मुलपानी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेक्ससले ओसिस् क्रिकेट एकेडेमीलाई ९१ रनको फराकिलो अन्तरले पराजित गऱ्यो। पहिले ब्याटिङ रोजेको नेक्ससले निर्धारित २० ओभरमा २ विकेट क्षतिमा १६० रनको योगफल खडा गऱ्यो। नेक्ससका लागि 'म्यान अफ द म्याच' उत्तम मगरले ३८ बलमा ६९ रन जोडे। उनले ३ चौका र ५ छक्का प्रहार गरे। सन्दिप विष्टले २ चौका र २ छक्का मद्दतमा ४१ रन बनाए भने विवेक यादवले २९ रन जोडे। बलिङतर्फ ओसिसका इशान शाहले २ विकेट लिए। जवाफी ब्याटिङमा उत्रेको ओसिस १७.१ ओभरमा ६९ रनमा अलआउट भयो। नेक्ससका समिर विष्टले ४ तथा अशोक धामीले २ विकेट चट्काए।

अर्को खेलमा ग्रेट हिमालय क्रिकेट एकेडेमी (जिएसीए), ललितपुरले काठमाडौं क्रिकेट ट्रेनिङ सेन्टर (केसीटीसी) लाई ६ विकेटले हरायो। टस जितेर ब्याटिङ गरेको केसीटीसीले निर्धारित २० ओभरमा ८ विकेट नोक्सानीमा १०५ रनको लक्ष्य प्रस्तुत गऱ्यो।


नेपाल सरकार
शहरी विकास मन्त्रालय

## कोहलपुर नगर विकास समिति

योजना कार्यालय, कोहलपुर, बाँके

### लिलाम बिक्रीको सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी १५(पन्ध्र) दिने सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/०३/०७ गते।)

लिलाम सूचना नं. १

यस कोहलपुर नगर विकास समितिको जिन्सी आम्दानीमा रहेका तपसिल बमोजिमका मालसामानहरू जेजस्तो अवस्थामा छन् सोही अवस्थामै शिलबन्दी दरभाउपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट रितपूर्वक तपशिलमा उल्लिखित शर्तहरूको अधिनमा रही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम १०८ बमोजिम शिलबन्दी दरभाउपत्रको माध्यमबाट लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र फाराम यस कार्यालयबाट खरिद गर्न सकिनेछ। साथै आफूले कबोल गरेको रकमको ५% (पाँच प्रतिशत) ले हुने धरौटी रकम यस कार्यालयको कृषि विकास बैंकमा रहेको धरौटी खाता नं.०७२०५००३६४००३०२१ मा जम्मा गरी सोको सक्कल भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

तपसिल

**क. हस्तान्तरणा भई आएका सामानहरू:**

| सि.नं | सामानको विवरण | परिमाण | सि.नं | सामानको विवरण | परिमाण | सि.नं | सामानको विवरण | परिमाण |
|---|---|---|---|---|---|---|---|---|
| १ | डेक्स | १ थान | १९ | स्टेवलाइजर (वोल्टेज) | ५ थान | ३७ | ड्रेसिङ टेवुल | २ थान |
| २ | अफिस डेक्स ४ डोर | १ थान | २० | बेट्रीकार | २ थान | ३८ | चेष्ट अफ ड्रावर (काठको पलान्चेस) | २ थान |
| ३ | अफिस डेक्स ५ डोर | १ थान | २१ | रुम हिटर | १ थान | ३९ | सोफासेट | १ थान |
| ४ | अफिस डेक्स | १ थान | २२ | फोटोकपी मेसीन | २ थान | | वाटर फिल्टर | १ थान |
| ५ | रेफरेन्स टेवुल | ४ थान | २३ | कुकिङ ग्यास सेन्ज | २ थान | | स्टील जग | २ थान |
| ६ | डायनिङ टेवुल | १ थान | २४ | ग्यास स्टोभ | १ थान | | स्टील ग्लास | ४ थान |
| ७ | रिवाल्वीङ चियर | ५ थान | २५ | स्टीलसिङ किचेन | ४ थान | | स्टील बाउल | ४ थान |
| ८ | चियर विथ आर्म | ६ थान | २६ | रेफ्रिजिरेटर १९३ लि. | ५ थान | | स्टील कप | ५ थान |
| ९ | वुक सेल लार्ज साइज | ३ थान | २७ | हट प्लेट | १ थान | | स्टील किस्ती | १ थान |
| १० | वेड अर्डिनरी | ३ थान | २८ | गिजर ५० लिटर | ११ थान | ४० | स्टील ट्रे ठूलो | २ थान |
| ११ | उडेन अल्मारी काठको | १ थान | २९ | कमोट विथ फुलिसिङ सिष्टर्न | १६ थान | | स्टील कभर | २ थान |
| १२ | वाँड रोव दराजका काठको | ६ थान | ३० | वासवेसन | १७ थान | | आलमुनियम कभर | १ थान |
| १३ | किचेन क्याविनेट सेट | ४ थान | ३१ | सर्भे अर्मेला | १ थान | | आल्मुनियम कढाई | १ थान |
| १४ | स्टोर ऱ्याक | ६ थान | ३२ | सिङ किचेन | १ थान | | पन्यु | १ थान |
| १५ | ड्रायग क्याविनेट ५ डोर | १ थान | ३३ | अफिस डेक्स ३ डोर | १ थान | | फ्राइपिन | १ थान |
| १६ | सिलिङ फेन | ३४ थान | ३४ | पानी ट्याङकी | ४ थान | | केटली आल्मुनियम | १ थान |
| १७ | ए.सी. १ टन | १५ थान | ३५ | ६०० लिटर जि.आई टेंकी | १ थान | | | |
| १८ | ए.सी. २ टन | ९ थान | ३६ | वेडसेट टेवुल | ३ थान | | | |

**ख. कार्यालयको आम्दानीमा रहेको सामानहरू:**

| सि.नं | सामानको विवरण | परिमाण | सि.नं | सामानको विवरण | परिमाण | सि.नं | सामानको विवरण | परिमाण |
|---|---|---|---|---|---|---|---|---|
| १ | रेनजिङ रड | ३ थान | ३९ | टि स्वायर | १ थान | ७७ | प्लाष्टीक कुर्सी | १७ थान |
| २ | हथोडा फलामको सानो | १ थान | ४० | ट्रेन्गल स्केल | ४ थान | ७८ | U.P.S. कम्प्युटरको लागि | ९ थान |
| ३ | दराज काठको | १ थान | ४१ | इस्ट्रमेन्ट बक्स | २ थान | ७९ | प्रिन्टर | ५ थान |
| ४ | खन्ता फलामको सानो | ३ थान | ४२ | भारतिय प्रिजमेटिभ कम्पास | १ थान | ८० | कोलोज सिलेण्डर | १ थान |
| ५ | स्टोभ | ५ थान | ४३ | लिथो मेसिन | १ थान | ८१ | ढोकोको पल्ला काठको प्लाइउड | १ थान |
| ६ | सिलिङ फेन | २ थान | ४४ | सर्भे अर्मेला | २ थान | ८२ | साइड वक्स यामाहा मोटरसाइकल | १ थान |
| ७ | टेवुल स्टील फोल्डीङ | १ थान | ४५ | थेडो लाइट मेसिन | १ थान | ८३ | क्यारियर | १ थान |
| ८ | कुर्सि गद्दावाला | १ थान | ४६ | अटोमेटिकल लेवल | २ थान | ८४ | रेचिङ पुलर | १ थान |
| ९ | टिनको वाकस | २ थान | ४७ | स्टेन्ड आल्मुनियम | १ थान | ८५ | क्यालकुलेटर | २६ थान |
| १० | रेंक काठको | १ थान | ४८ | वाटर फ्लो क्याल्कुलेटर | १ थान | ८६ | सैमसुङ भैकुम क्लीनर | १ थान |
| ११ | टाइप रेमन्टन नेपाली + अंग्रेजी | २ थान | ४९ | लेटरिङ सेट | १ थान | ८७ | भित्ते घडी | १ थान |
| १२ | हेल्मेट | १ थान | ५० | नम्बरिङ मेसिन | १ थान | ८८ | मिटर (सव) | ५ थान |
| १३ | टेवुल पंखा | २ थान | ५१ | स्प्रीट लेवल | १ थान | ८९ | ह्वाटवोर्ड | १ थान |
| १४ | पानी टंकी | १ थान | ५२ | टेलीफोन सेट कडलेस समेत | ११ थान | ९० | फाइनल रिपोर्ट र मेन रिपोर्ट | २ थान |
| १५ | प्रेशर कुकर | ५ थान | ५३ | टेलिस्कोप एलिडेड | १ थान | ९१ | कुर्सी पाइपको | ६ थान |
| १६ | स्टील गिलास | १८ थान | ५४ | आई एस.कोड किताब | १ थान | ९२ | अफिस कुर्सी | ५ थान |
| १७ | खण्डे थाल | ९ थान | ५५ | क्युमोल्ट | ४ थान | ९३ | इन्भंटर | १ थान |
| १८ | डिनर प्लेट प्लाष्टीकको समेत | ४५ थान | ५६ | हिटिङ प्लेट | २ थान | ९४ | इन्भंटर व्याट्री | १ थान |
| १९ | डिनर चमच | २९ थान | ५७ | एमोनिया प्रिन्टिङ्ग मेसिन | १ थान | ९५ | प्रेशर कुकर | १ थान |
| २० | डोगा स्टील | ५ थान | ५८ | खानेपानी प्रतिवेदन | १० थान | ९६ | ग्यास चुलो | २ थान |
| २१ | डाडु पनियो | ६ थान | ५९ | जग स्टील | ३ थान | ९७ | स्टेन फयान | २ थान |
| २२ | फ्राइपिन | ३ थान | ६० | राइस निपुन | २ थान | ९८ | मल्टी प्लग | १ थान |
| २३ | गैती | २ थान | ६१ | सर्भेसिङ स्पुन | १ थान | ९९ | ल्यापटप/डेस्कटप | ३ थान |
| २४ | वेल्चा | ५ थान | ६२ | डेक्ची आल्मुनियम | २ थान | १०० | इलेक्ट्रोनिक्स चुलो | १ थान |
| २५ | फरुवा | ९ थान | ६३ | हुइल पाना | १ थान | १०१ | फलामको घन | १ थान |
| २६ | हत्ता वाला कुर्ची | ७ थान | ६४ | जेक लिभर | १ थान | १०२ | फलामको छिनो | २ थान |
| २७ | तकिया | ३ थान | ६५ | जेक हेवी | १ थान | १०३ | रिवाल्विङ्ग कुर्ची | ५ थान |
| २८ | इमरजेन्सी लाइट | २ थान | ६६ | वेड खाट | १ थान | | पानी तान्ने मोटर ठुलो | १ थान |
| २९ | वाटर फिल्टर आल्मुनियम | २ थान | ६७ | ड्राफ्टीङ मेसीन | १ थान | १०४ | पानी तान्ने मोटर मध्यम | २ थान |
| ३० | ड्रोइङ्ग वोर्ड | ३ थान | ६८ | थर्मस | १ थान | | पानी तान्ने मोटर सानो | २ थान |
| ३१ | टि स्क्वायर प्लाष्टीक | २ थान | ६९ | पाइप रेन्च | १ थान | १०५ | साइकल | २२ थान |
| ३२ | मोटो ट्रेगल स्केल | १ थान | ७० | सुझाव पेटीका | १ थान | १०६ | स्यामसुङ्ग मोवाइल SM-4532 | १ थान |
| ३३ | आल्मुनियम कराइ | १ थान | ७१ | टेक्टर हुड | १ थान | १०७ | बोस कुर्सी १८"-२३" | २ थान |
| ३४ | केटली ठुलो आल्मुनियम | २ थान | ७२ | क्यामरा सानो यासिका र डिजिटल | ३ थान | १०८ | मारुती कुचिं फुल | २ थान |
| ३५ | आल्मुनियम डाडु पन्यु | २ थान | ७३ | फ्याक्स पानासोनिक | २ थान | १०९ | टि टवुल आल्मुनियम सिसाको | १ थान |
| ३६ | आल्मुनियम स्टाफ | २ थान | ७४ | स्टेवलाइजर | १ थान | ११० | प्रेशर कुकर | १ थान |
| ३७ | रेन्जीङ्ग पोल | १ थान | ७५ | फ्याक्स मसिन वक्स | २ थान | | | |
| ३८ | स्टेडलर नोजपेनसेट | २ थान | ७६ | मेजरिङ टेप | १ थान | | | |

**ग. मेशिनरी सामानहरू:**

| सि.नं. | मेशिनरी सामानको नाम | परिमाण | सि.नं. | मेशिनरी सामानको नाम | परिमाण | सि.नं. | मेशिनरी सामानको नाम | परिमाण |
|---|---|---|---|---|---|---|---|---|
| १ | ल्याण्ड कुजर गाडी | १ थान | ४ | ट्राली ४ टन | १ थान | ७ | मोटरसाइकल यमाहा स्कट RX100 | १ थान |
| २ | HMT ट्याक्टर | १ थान | ५ | यमाहा YBC125 | १ थान | ८ | मोटरसाइकल हिरोहोण्डा स्प्लेन्डर | १ थान |
| ३ | Speed Craft रोलर | १ थान | ६ | मोटरसाइकल हिरोहोण्डा स्प्लेन्डर | १ थान | ९ | मोटरसाइकल हिरोहोण्डा ग्ल्याम्बर | १ थान |

**सामानको विवरण बमोजिम कुल जम्मा न्यूनतम मूल्य:- रु.५,८७,४५७.९० (अक्षरुपी पाँच लाख सतासी हजार चार सय सन्तावन्न पैसा नब्बे मात्र)**

**शर्तहरु**

१. दरभाउपत्र सम्बन्धी कागजातहरू खरिद गर्न निवेदन साथ व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, अन्यको हकमा नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको छायाँप्रति सहित रु १०००।०० फिर्ता नहुने गरी बुझाएको आम्दानी रसिद संलग्न गरी यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र खरिद गर्न सकिने छ।
२. आफुले खरिद गर्ने दरभाउपत्र सम्बन्धी कागजातहरू व्यक्ति भए स्वयं र अन्य भए आधिकारिक प्रतिनिधीले सहिछाप गरी सिलबन्दी खाम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र खरिद गरी १६औं दिन मध्यान्न १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। यसरी दर्ता हुन आएको दरभाउपत्र सोही दिन दिउसो २:०० बजेदेखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका दरभाउपत्रदाता आफैं वा आधिकारिक प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
३. आफूले कबोल गरेको रकमको ५% (प्रतिशत) ले हुन आउने धरौटी बापतको रकम यस समितिको धरौटी खाता नं.०७२०५००३६४००३०२१ मा व्यक्ति वा फर्मको नामबाट रकम जम्मा गरेको सक्कल भौचर संलग्न गरी पेश गर्नु पर्नेछ।
४. आपुले कबोल गरेको मूल्य (मु.अ.कर बाहेकको रकम) अङ्क र अक्षर दुवैमा अनिवार्य रूपमा स्पष्ट उल्लेख हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
५. दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ६ दिन भित्र पुरै रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ। धरौटी रकम पछि आर्थिक प्रशासन शाखाबाट फिर्ता गरिनेछ।
६. दरभाउपत्र खरिदकर्ताले मालसामानको भौतिक अवस्था हेर्न चाहेमा कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।
७. दरभाउपत्र सम्बन्धी कागजातहर खरिद/दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरू क्रमश: सोको भोलिपल्ट कार्यालय खुल्ने दिन सोहि समयमा हुनेछ।
८. दरभाउपत्र भर्दा न्यूनतम मूल्य भन्दा कम रकम कबोल गर्न पाइने छैन र आफूले कबोल गरेको मूल्यमा नियमानुसार मु.अ.कर (१३ प्रतिशत) लाग्नेछ।
९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१०. यस सम्बन्धी अन्य कुरा प्रचलित कानुन अनुसार हुनेछ।

# तत्काल भू-उपयोग नियमावली कार्यान्वयन नगर्न सर्वोच्चको अन्तरिम आदेश

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ६ असार ।



सरकारले जारी गरेको भू-उपयोग नियमावली, २०७९ तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ । सोमबार सर्वोच्च अदालतका न्यायाधीश ईश्वर प्रसाद खतिवडाको इजलासले अहिले नै सरकारले भनेजस्तो वर्गीकरण हुने अवस्था नभएकोले तत्काल उक्त नियमावली कार्यान्वयन नगर्न आदेश दिएको हो ।

भू-उपयोग नियमावली आएसँगै कार्यान्वयन प्रारम्भ भएको जग्गा धितो राखेर ऋण लिने नपाइने व्यवस्था तत्काल कार्यान्वयन नहुने भएपछि अब जग्गा धितो राखेर ऋण पाइने भएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गएको जेठ २३ गते भू-उपयोग नियमावली, २०७९ जारी गरेपछि बैंक तथा वित्तीय संस्थाहरूबाट हुने ऋण लगानीसमेत ठप्प भएको थियो ।

न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले आइतबार हालसम्म पनि जग्गाको वर्गीकरण भइनसकेको भन्दै भूमि व्यवस्था मन्त्रालयले जेठ २७ गते जारी गरेको पत्राचार कार्यान्वयन नगर्न आदेश दिएको छ। निवेदक विष्णुबहादुर सुनुवारले हालेको रिटमा सर्वोच्चले अन्तरिम आदेश जारी गरेको हो ।

कृषि र गैरकृषि क्षेत्र वर्गीकरण नगरी जग्गा रोक्का गर्न नपाइने सरकारले निर्णय गरेको थियो। स्थानीय भू-उपयोग परिषद्ले (स्थानीय तहको कार्यपालिका) तोकेअनुसार कृषि र गैरकृषि क्षेत्र वर्गीकरण गर्नुपर्ने व्यवस्था भूमि व्यवस्था मन्त्रालयले जेठ २७ गते गरेको थियो । त्यही निर्णय बमोजिम मात्र स्थानीय तहले कित्ताकाट सिफारिस गर्नुपर्ने निर्णय गरिएको छ । कित्ताकाटबाहेक धितो राख्न जाने जग्गा जमिनमा पनि स्थानीय तहले कृषि/गैरकृषि भनेर सिफारिस गरिदिएपछि मात्र बैंकले ऋण प्रवाह गर्ने व्यवस्था गरिएको थियो। भूमि मन्त्रालयले नयाँ नियमावली कार्यान्वयनमा ल्याएसँगै जग्गा धितो राखेर विदेश अध्ययन जानको लागि तयारी गरेका विद्यार्थीहरुको ऋण प्राप्त गर्ने प्रकृया रोकिएको थियो । सर्वोच्चले दिएको अन्तरिम आदेशले जग्गा धितो राखेर अध्ययनको लागि विदेश जान लागेका विद्यार्थीहरुले राहत पाएका छन् ।

भू-उपयोग नियमावलीको नयाँ व्यवस्थाको विरुद्धमा विशेषरी कन्सल्टेन्सी सञ्चालकहरुले आफ्नो व्यवसायमा प्रत्यक्ष असर पर्ने भन्दै मर्काको महशुस गरेको थिए । उनीहरुले सरकारमा रहेका विभिन्न मन्त्रीहरुलाई भेटेर व्यवस्थालाई सच्चयाउन आग्रह गरेका थिए । सर्वोच्चले १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालय मार्फत सरकारलाई लिखित जवाफ पेस गर्न आदेशसमेत दिएको छ ।

# फेबर ब्राण्डको जडिबुटीमा नयाँ स्टोर

**काठमाडौं/मस** – फेबर ब्राण्डले पेप्सीकोलाको जडिबुटीमा नयाँ स्टोर सञ्चालनमा आएको छ। यो नयाँ स्टोर खोलेसँगै फेबर ब्राण्डसँग जम्माजम्मी नेपालमा ७ वटा प्लाटिनम स्टुडियोज पुगेको छ । नेपालमा १५ वर्षयता फेबर ब्राण्ड संचालनमा रहेको छ। विगत २ वर्षको अन्तरालमा फेबरले नेपालमा ६ वटा फेबर प्लाटिनम स्टुडियोज खोलेको छ । जसमा ३ वटा काठमाण्डौं उपत्यकामा, एउटा विराटनगर, एउटा विर्तामोड र एउटा पोखरामा रहेका छन् ।



विश्व वजारमा ७ प्लाण्ट सहित प्रमुख ६ देशहरु इटाली, स्वीडेन, फ्रान्स, टर्की, अर्जेन्टिना र छिमेकी मुलुक भारतमा समेत यसले उत्पादन गर्दै आएको छ। यो ब्राण्ड इटालीबाट शुरु भएको थियो। यसको मुख्य बजार निर्देशनालय अमेरिका प्रतिनिधि र कार्यालय रुसमा रहेको छ । नेपालकालागि फेबरको राष्ट्रिय प्रबन्धक गोपाल मेहताका अनुसार फेबर नेपालले आगामी २ महिना भित्र थप २ वटा स्टोर नारायणगढ र बुटवलमा सञ्चालनमा ल्याउने छ । यसको नेपालमा भित्राउने यूएचएस होल्डिंग्स प्रालिले गर्दै आइरहेको छ।

# रिलायन्स लाइफले ल्यायो नयाँ योजना

**काठमाडौं/मस** – रिलायन्स लाइफ इन्स्योरेन्सले ग्यारेन्टेड रिटर्नसहितको बीमालेख योजना सार्वजनिक गरेको छ । इन्स्योरेन्सले सोमबार एक कार्यक्रम आयोजना गर्दै 'मेरो सुनिश्चित प्रतिफल' नामक बीमा योजना सार्वजनिक गरेको हो । बीमितले आफ्नो आवश्यकता अनुसार बीमाशुल्क भुक्तानी गर्न सक्ने यो योजनामा अढाई गुणासम्म सुनिश्चित प्रतिफल पाइने कम्पनीको दाबी छ । साथै, सीमित समयको लागि बीमाशुल्क भुक्तानी गरि बीमालेख अवधिभर रक्षावरण पाउन सक्नेछन् ।




यो बीमा १६ वर्षदेखि ४४ वर्ष उमेर सम्मको व्यक्तिले गर्न सक्नेछन् । त्यस्तै, बीमा अवधि १६ वर्ष र २० वर्ष रहेको यो बीमाको समाप्ति उमेर ६० वर्ष हुनेछ । जसमध्ये १६ वर्ष बीमा अवधिमा जम्मा ५ वर्षसम्म मात्र बीमाशुल्क तिरे पुग्ने र २० वर्ष अवधिमा जम्मा ७ वर्ष मात्र बीमाशुल्क तिरे पुग्ने छ। यो बीमा योजना अन्तर्गत बीमाशुल्क भुक्तानी वार्षिक हुनेछ । न्यूनतम २५ हजार रुपैयाँ बीमाशुल्क तोकिएको यो बीमा योजनाको अधिकतम बीमाशुल्क रकम भने बीमितको भुक्तानी क्षमतामा भर पर्ने छ। न्यूनतम र अधिकतम बीमांक रकम भने बीमाशुल्कको आधारमा थप हुने समेत कम्पनीले बताएको छ ।

जस्तै, यदि २५ वर्षको व्यक्तिले २० वर्षको बीमा अवधि राखि १ लाख रुपैयाँको वार्षिक बीमाशुल्क ७ वर्षसम्म ७ लाख रुपैयाँ तिर्छ भने सो बीमितको १७ लाख ५० हजार रुपैयाँ बराबरको जाखिम बहन हुनेछ । बीमा परिपक्व भएपछि आधारभूत बीमाशुल्कको अढाई गुणा सुनिश्चित प्रतिफल १७ लाख १० हजार रुपैयाँ प्रदान गरिने छ। थप न्युन बीमाशुल्क १४ हजार ८ सय ४० रुपैयाँ तिरेर अतिरिक्त पुरक करार सुविधाहरु दर्घटना मृत्यु, पुर्ण स्थायी अशक्तता, बीमाशुल्क छुट र घातक रोगहरु विरुद्धको रक्षावरण समेत लिन पाउनेछन् ।

यो बीमालेख अन्यभन्दा फरक छ । अन्य बीमा गराउँदा बीमा रकम अनुसार बीमाशुल्क तोकिनेछ भने यो बीमा योजनामा बीमितले आफ्नो इच्छाअनुरुप बीमाशुल्क तय गर्न सक्नेछन् र त्यसको आधारमा बीमांक रकम कायम गरिने छ। साथै, यो बीमालेखमा न्यून थप बीमाशुल्क तिरेर अतिरिक्त पुरक करार सुविधाहरमा दुर्घटना मृत्यु, पूर्ण स्थायी अशक्तता, बीमाशुल्क छुट, घातक रोगहरु विरुद्धको रक्षावरण सुविधाहरु पनि लिन पाइनेछ ।

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिकमा** विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७९ असार १५ गते** भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिकको** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने कम्पनी/संस्थाहरूको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह** राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं । फोन नं.: **01-4228298, 4226366**
**Email: madhyanhadaily59@gmail.com**

## गर्मी एवं वर्षातको समयमा लामखुट्टे बाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।
**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला, खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुँगुर, बंगुर, हाँस घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## चैनपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**चैनपुर, संखुवासभा**
**प्रदेश नं. १, नेपाल**

### नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

#### स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।



**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।



**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।

## प्रतापपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)**
**लुम्बिनी प्रदेश, नेपाल**

### प्रतापपुर गाउँपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**
औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

**यसबाट बच्ने उपाय :**
क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



**२) चट्याङको समयमा सतर्क रहौं ।**
**चट्याङबाट बच्ने उपाय :**
क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।



**३) गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।**
**यसबाट बच्ने उपाय :**
क) बासी र सडेगलेको खानेकुराहरु नखाऔं ।
ख) पाकेको खाना मात्र खाऔं ।
ग) झिङ्गा र भुसुना भन्किने नदिऔं । खानेकुरा छोपेर राखौं ।
घ) खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
ङ) फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
च) सकेसम्म खुलारुपमा बेच्ने राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः **०१–४२२६३६६, ०१–४२२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**